# प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण
# एवं
# भर्ना सम्वन्धी निर्देशिका, २०७७
# (पहिलो संशोधन २०७८)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

# बिषयसूची


| बुंदा नं | बिषय | पेज नं |
|---|---|---|
| १. | संक्षिप्त नाम र प्रारम्भ ........ | १ |
| २. | परिभाषा ........ | १ |
| ३. | प्रवेश परीक्षाको आवेदन फारामका किसिमहरु........ | १ |
| ४. | आवेदन फाराम दर्ता गर्ने परीक्षार्थीले ध्यान दिनु पर्ने कुराहरुः ........ | २ |
| ५. | अध्यापन हुने शैक्षिक कार्यक्रम र प्रवेश परीक्षामा सामेल हुनका लागि आवश्यक शैक्षिक योग्यता ........ | २ |
| ६. | परीक्षार्थी छनौटको आधार ........ | ३ |
| ७. | प्रवेश परीक्षा सञ्चालन, भर्ना तथा छात्रवृत्ति व्यवस्थापन ........ | ३ |
| ८. | आरक्षण गरिएका कोटा ........ | ३ |
| ९. | प्रवेश परीक्षाको सूचना ........ | ४ |
| १०. | प्रवेश परीक्षाको आवेदन फाराम भर्ने ........ | ४ |
| ११. | बर्गिकृत (निःशुल्क) छात्रवृत्ति कोटाको आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु........ | ५ |
| १२. | पूर्ण शुल्किय खुला र पूर्ण शुल्किय लक्षित वर्ग कोटाको आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः ........ | ५ |
| १३. | प्रवेश परीक्षाको प्रश्नपत्र निर्माण ........ | ५ |
| १४. | प्रवेश परीक्षा संचालन ........ | ६ |
| १५. | छात्रवृत्ति तर्फको प्रवेश परीक्षाको नतिजा प्रकाशन, सिफारिस तथा भर्नाः ........ | ६ |
| १६. | बर्गिकृत (निःशुल्क) छात्रबृत्ति तर्फको रिक्त हुन आउने कोटाहरुमा सिफारिश गर्ने सम्वन्धी व्यवस्था ........ | ९ |
| १७. | छात्रवृति सम्बन्धी अन्य व्यवस्थाः ........ | ९ |
| १८. | जेहेन्दार (Merit) छात्रवृत्ति ........ | ९ |
| १९. | पूर्ण शुल्किय तर्फको प्रवेश परीक्षाको नतिजा प्रकाशन, सिफारिस तथा भर्नाः........ | १० |
| २०. | शिक्षालयलाई भर्ना सम्बन्धी निर्देशनः........ | ११ |
| २१. | परीक्षार्थीले शिक्षालयमा भर्नाका समयमा पेश गर्नुपर्ने आवश्यक कागजातहरुः........ | १२ |
| २२. | रजिष्ट्रेशनका लागि आवश्यक कागजातहरु ........ | १२ |
| २३. | प्रवेश परीक्षा एवं अन्य शूल्कः........ | १२ |
| २४ | भर्ना सम्बन्धी बिशेष व्यवस्था ........ | १३ |
| २५ | खारेजी र बचाऊ ........ | १४ |
| | अनुसूची-१ पूर्णशुल्किय तर्फको अनलाइन आवेदन फाराम भर्नको लागि निर्देशन........ | १५ |
| | अनुसूची-२ बर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको अनलाईन आवेदन फाराम भर्नको लागि निर्देशन........ | २० |
| | अनुसूची-३ दलितवर्गमा सूचीकृत जात-जातीहरुको विवरण ........ | २४ |
| | अनुसूची-४ आदिवासी जनजातीवर्गमा सूचीकृत जात-जातीहरुको विवरण ........ | २४ |
| | अनुसूची-५ नमूना प्रश्नपत्र ........ | २५ |
| | अनुसूची-६ नतिजा प्रकाशनको ढांचा........ | २९ |

**प्रस्तावना:** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा सम्बन्धी विनियमावली, २०७१ (संशोधन सहित) को विनियम ५५ को अधिकार प्रयोग गरी परीक्षा समितिले **प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७७** जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो निर्देशिकाको नाम "प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७७([#]**पहिलो संशोधन**)" रहेको छ ।

(२) यो निर्देशिका परिषद, परीक्षा समितिबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) "ऐन" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ सम्झनु पर्छ ।

ख) "नियम" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ सम्झनु पर्छ ।

ग) "विनियमावली" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा सञ्चालन सम्बन्धी विनियमावली २०७१ सम्झनु पर्छ ।

घ) "समिति" भन्नाले परीक्षा सम्बन्धी विनियमावली २०७१ को विनियम ४ वमोजिम गठित परीक्षा समितिलाई सम्झनु पर्छ ।

ङ) "एस.एल.सी." भन्नाले प्रवेशिका परीक्षालाई जनाउँदछ ।

च) "एस.ई.ई" भन्नाले माध्यमिक शिक्षा परीक्षालाई जनाउँदछ ।

छ) "प्रि-डिप्लोमा" भन्नाले परिषद्बाट साविकको प्राविधिक एस.एल.सी. वा त्रिभुवन विश्व विद्यालयबाट साबिकको प्राविधिक एस.एल.सी. वा परिषद्बाट प्रि-डिप्लोमा परीक्षा उत्तीर्णलाई जनाउँदछ ।

ज) यस निर्देशिकाको प्रयोजनका लागि "कर्मचारी" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कर्मचारी सेवा, शर्त तथा सुविधा सम्वन्धी बिनियमावली, २०६९ को बिनियम (२) को (ढ) बमोजिम सेवाको पदमा स्थायी रुपमा बहाल रहेको व्यक्ति सम्झनु पर्दछ । यस शव्दले अस्थायी, करार वा ज्यालादारीमा काम गर्ने व्यक्ति जनाउने छैन ।

झ) "परिवार" भन्नाले सोही बिनियमावलीको बिनियम (२) को (य) बमोजिम कर्मचारी संग बस्ने तथा निज आफैंले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शव्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाबु तर्फका बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासू, ससुरा समेत जनाउंछ ।

ञ) "परिषद्" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई जनाउँदछ जसलाई छोटकरीमा प्रा.शि.तथा व्या.ता.परिषद् भनिनेछ ।

ट) "प.नि.का" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयलाई जनाउँदछ ।

ठ) "पूर्ण शुल्किय खुला कोटा" भन्नाले छात्रवृत्ति बाहेकका कोटामा शुल्क तिरी अध्ययन गर्ने कोटा सम्झनु पर्दछ ।

ड) "पूर्ण शुल्किय लक्षित वर्ग कोटा" भन्नाले छात्रवृत्ति बाहेकका कोटामा लक्षित वर्गका लागि तोकिएको शुल्क तिरी अध्ययन गर्ने कोटा सम्झनु पर्दछ ।

ण) "बर्गिकृत (नि:शुल्क) छात्रवृत्ति" भन्नाले निर्देशिकाले व्यवस्था गरे अनुसार शुल्क तिर्न नपर्ने गरी (बर्गिकृत (नि:शुल्क) छात्रवृत्ति अध्ययन गर्न भर्ना भएका प्रशिक्षार्थीलाई सम्झनु पर्दछ ।

त) "जेहेन्दार (Merit) छात्रवृत्ति" भन्नाले निर्देशिकाले व्यवस्था गरे अनुसार पुर्ण शुल्कीय कोटामा प्रवेश परीक्षाबाट उच्चतम अंक प्राप्त गरी शुल्क तिर्न नपर्ने गरी अध्ययन गर्न भर्ना भएका प्रशिक्षार्थीलाई सम्झनु पर्दछ ।

थ) "शिक्षालय" भन्नाले परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम संचालित विद्यालय र परिषद्बाट सम्बन्धन स्वीकृति लिइ निजी स्तरमा संचालित शिक्षण संस्था समेतलाई जनाउदछ ।

---

[#] परीक्षा समितिको मिति २०७८।०४।२५ गतेको निर्णयानुसार पहिलो संशोधनद्वारा संशोधित

**३. प्रवेश परीक्षाको आवेदन फारामका किसिमहरुः** (१) पुर्ण शूल्कीय (खुला र लक्षित वर्ग) आवेदन फाराम (फाराम भर्दा खुला वा लक्षित बर्ग खुल्ने गरी चिन्ह लगाउनु पर्नेछ),

(२) वर्गिकृत (निःशुल्क) छात्रवृत्ति (साधारण र लक्षित वर्ग समुह) आवेदन फाराम,

**४. आवेदन फाराम दर्ता गर्ने परीक्षार्थीले ध्यान दिनु पर्ने कुराहरुः (१)** आवेदन फाराम भर्दा सबै कुरा स्पष्टसंग बुझेर मात्र भर्नु पर्दछ । फाराम भर्नका लागि आवश्यक सम्पुर्ण जानकारी यसै निर्देशिकामा समावेश गरिएका छन् । थप जानकारी आवश्यक भएमा परिषद् वा परिषद्का प्रदेश कार्यालय वा परिषद्ले तोकेको फाराम बुझाउने शिक्षालयमा सम्पर्क राख्नु पर्नेछ ।

(२) पूर्ण शुल्किय तर्फका परीक्षार्थीले जुन शिक्षण संस्थाबाट आवेदन फाराम भरेको हो सोही शिक्षण संस्थाका लागि तोकिएको परीक्षा केन्द्रमा गई परीक्षा दिनु पर्नेछ भने बर्गिकृत (निशुल्क) छात्रवृत्ति तर्फका परीक्षार्थीले परिषद्, प.नि.का. ले तोकेको केन्द्रमा गई परीक्षा दिनु पर्नेछ ।

(३) आवेदन फारामसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु परीक्षार्थी स्वयंले प्रमाणित गरी सूची बनाई पेस गर्नुपर्नेछ । उक्त संलग्न कागजातहरुको सूची सम्बन्धित शिक्षालयका प्राचार्य/प्रमुखबाट प्रमाणित गराइ राख्नुपर्नेछ ।

(४) परीक्षार्थीलाई उपलब्ध गराइने प्रवेश परीक्षाको उत्तरपुस्तिकाको निर्देशनलाई परीक्षार्थीले पुर्ण रुपमा पालना गर्नुपर्नेछ ।

(५) प्रवेश परीक्षामा नक्कली कागजपत्रहरु पेश गरी वा नक्कली परीक्षार्थी बनी परीक्षा दिइएको पाइएमा त्यस्ता परीक्षार्थीलाई र नक्कली परीक्षार्थी बनी परीक्षा दिने व्यक्तिलाई प्रचलित कानून बमोजिम कार्वाहीका लागि सम्बन्धित निकायमा सिफारिश गरिनेछ र त्यस्ता परीक्षार्थीहरुलाई परिषद्बाट संचालन हुने कुनै पनि किसिमको परीक्षामा ५ बर्षसम्म समावेश गराइने छैन ।

**५. अध्यापन हुने शैक्षिक कार्यक्रम र प्रवेश परीक्षामा सामेल हुनका लागि आवश्यक शैक्षिक योग्यताः**

(१) परिषद् अन्तर्गतका शिक्षण संस्थाहरुमा #**प्रि-डिप्लोमा** तहमा तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरु संचालन हुनेछन् ;

| क्र.सं | अध्यापन गराइने शैक्षिक कार्यक्रम | क्र.सं | अध्यापन गराइने शैक्षिक कार्यक्रम |
|---|---|---|---|
| १ | प्रि-डिप्लोमा ईन एग्रिकल्चर (प्लान्ट साइन्स) | १३ | प्रि-डिप्लोमा ईन रेफ्रिजिरेशन एण्ड एयरकण्डिसनिङ्ग इन्जिनियरिङ्ग |
| २ | प्रि-डिप्लोमा ईन लाइभस्टक प्रडक्सन/एनिमल हेल्थ प्रि-डिप्लोमा | १४ | प्रि-डिप्लोमा ईन होटल मेनेजमेण्ट |
| ३ | प्रि-डिप्लोमा ईन भेटेरिनरी साइन्स | १५ | प्रि-डिप्लोमा ईन कुलिनरी आर्ट |
| ४ | प्रि-डिप्लोमा ईन फरेष्ट्री | १६ | प्रि-डिप्लोमा ईन इन्टरप्रेनरसिप डेभलपमेण्ट |
| ५ | प्रि-डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग | १७ | प्रि-डिप्लोमा ईन सोसल मोबिलाइजेसन |
| ६ | प्रि-डिप्लोमा ईन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | १८ | प्रि-डिप्लोमा ईन कम्प्युटर एप्लिकेशन एण्ड सेक्रेटरियल मेनेजमेण्ट |
| ७ | प्रि-डिप्लोमा ईन इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | १९ | प्रि-डिप्लोमा ईन मेकानिकल इन्जिनियरिङ्ग (एप्रेन्टिसिप) |
| ८ | प्रि-डिप्लोमा ईन वाटर सप्लाई एण्ड सेनिटरी इन्जिनियरिङ्ग | २० | प्रि-डिप्लोमा ईन इलेक्ट्रिकल इन्जिनियरिङ्ग (एप्रेन्टिसिप) |
| ९ | प्रि-डिप्लोमा ईन सर्भे ईञ्जिनियरिङ्ग | २१ | प्रि-डिप्लोमा ईन अटोमोवाइल इन्जिनियरिङ्ग (एप्रेन्टिसिप) |
| १० | प्रि-डिप्लोमा ईन कम्प्युटर ईञ्जिनियरिङ्ग | २२ | प्रि-डिप्लोमा ईन होटल म्यानेजमेण्ट (एप्रेन्टिसिप) |
| ११ | प्रि-डिप्लोमा ईन मेकानिकल इन्जिनियरिङ्ग | २३ | प्रि-डिप्लोमा ईन इन्फरमेसन टेक्नोलोजी (एप्रेन्टिसिप) |
| १२ | प्रि-डिप्लोमा ईन अटोमोवाइल इन्जिनियरिङ्ग | | |

# परीक्षा समितिको मिति २०७८।०४।२५ गतेको निर्णयानुसार पहिलो संशोधनद्वारा संशोधित

(२) प्रि-डिप्लोमा तहको प्रवेश परीक्षामा समावेस हुनको लागि न्यूनतम शैक्षिक योग्यता यस प्रकार निर्धारण गरिएको छ ;

| क्र.सं | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १ | प्रि-डिप्लोमा ईन कम्युनिटी आम्ची एसिस्टेण्ट (कान्जान्पा) | मान्यता प्राप्त शिक्षण संस्थाबाट आठ कक्षा उत्तीर्ण । |
| २ | [#]**बुंदा नं ५.(१) का** सम्पूर्ण कार्यक्रमहरु | अक्षराङ्कन पद्धति लागु हुनु भन्दा पहिला मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण र अक्षराङ्कन पद्धति लागु भए पछि एस.ई.ई. का सम्पूर्ण बिषयको परीक्षामा समावेस भई न्यूनतम ई. ग्रेड प्राप्त । |

(३) प्रि-डिप्लोमा तहका क्र.सं. १ देखि २२ सम्मका कार्यक्रमहरु कार्यगत तालीम सहित १८ महिना क्र.सं. २३ देखि २७ सम्मका कार्यक्रमहरु २४ महिना र क्र.सं. २८ को कार्यक्रम २९ महिना अवधिका वा पाठ्यक्रमले तोके बमोजिमका हुनेछन् ।

**६. परीक्षार्थी छनौटको आधार :** (१) बुँदा नं. ५(२) बमोजिमको योग्यता पुगेका परीक्षार्थीहरुलाई तपसिल अनुसारको अंक प्रदान गरिनेछ ।

| एस.ई.ई. परीक्षा | | एस.एल.सी. परीक्षा | |
|---|---|---|---|
| **प्राप्त ग्रेड प्वाइन्ट** | **शैक्षिक योग्यता वापत प्रदान गरिने अंक** | **प्राप्ताङ्क प्रतिशत** | **शैक्षिक योग्यता वापत प्रदान गरिने अंक** |
| ३.६ देखि ४.० | ३० | ८० देखि माथी | ३० |
| २.८ देखि र ३.५९ | २७ | ६० देखि ७९.९९ | २७ |
| २.० देखि २.७९ | २४ | ४५ देखि ५९.९९ | २४ |
| २.० भन्दा कम | २१ | ४५ भन्दा कम | २१ |

(२) प्रवेश परीक्षामा प्राप्त अंक र बुँदा नं. ६(१) बमोजिम शैक्षिक योग्यता वापतको अंकको योगफल अनुसार परीक्षार्थीको योग्यताक्रम सूची निर्धारण गरिनेछ ।
(३) प्रवेश परीक्षा उतिर्ण हुनको लागि प्रवेश परीक्षामा प्राप्त अंक र बुँदा नं. ६(१) बमोजिम शैक्षिक योग्यता वापतको अंक गरी कम्तीमा ४० अंक प्राप्त गरेको हुनुपर्नेछ ।
(४) योग्यताक्रमको प्राप्ताङ्क बराबर भएका दुई भन्दा बढी आवेदकको हकमा प्राप्ताङ्कको दशमलव पछिको दुईभन्दा बढी अङ्क गणना गरी त्यसमा जसको अङ्क बढी हुन्छ उसको नाम प्रकाशित गरिनेछ । यसो गर्दा पनि अंक बराबर भएमा एस.एल.सी./एस.ई.ई. परीक्षाको नतिजालाई आधार मानि नतिजा प्रकाशित गरिनेछ । एस.एल.सी./एस.ई.ई. को नतिजा पनि बराबर भएमा एस.एल.सी./एस.ई.ई. परीक्षाको क्रमशः अनिवार्य गणित, विज्ञान र अंग्रेजीको नतिजालाई आधार मानी नतिजा प्रकाशित गरिनेछ ।
(५) अक्षराङ्कन पद्धतीको नतिजामा तोकिएको जि.पि.ए.लाई प्रतिशत निर्धारण गर्दा निम्न बमोजिम गरिनेछ ।

$$GPA \times 23.75 = \%$$

**७. प्रवेश परीक्षा सञ्चालन, भर्ना तथा छात्रवृत्ति व्यवस्थापन :** (१) प.नि.का.द्वारा सञ्चालित छात्रवृत्ति तथा पूर्ण शुल्किय प्रवेश परीक्षालाई व्यवस्थित, मर्यादित तथा नियमानुसार सञ्चालन गर्ने, अनुगमन गर्ने, व्यवस्थापन, नतिजा प्रकाशन तथा छात्रवृत्ति प्रदान गर्ने गराउने सम्बन्धी कार्य परीक्षा सम्बन्धी विनियमावली २०७१ को बिनियम ४७ वमोजिम गठित प्रवेश परीक्षा संचालन, व्यवस्थापन तथा नतिजा प्रकाशन उप-समितिले गर्नेछ ।
(२) बुँदा नं. (१) वमोजिम गठित उप-समितिको काम, कर्तव्य र अधिकार परीक्षा सम्बन्धी विनियमावली २०७१ को बिनियम ४७ तथा परीक्षा समितिले तोके वमोजिम हुनेछ ।

[#] परीक्षा समितिको मिति २०७८।०४।२५ गतेको निर्णयानुसार पहिलो संशोधनद्वारा संशोधित

८. **आरक्षण गरिएका कोटा :** (१) परिषद्का आंगिक शिक्षालय, साझेदारी शिक्षालय, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम संचालन गरेका विद्यालय र निजी स्तरमा संचालनका लागि स्वीकृत प्राप्त शिक्षालयहरुमा तपसिल बमोजिम हुने गरी कोटा आरक्षण गरिनेछ । यस कोटा अन्तर्गत अध्ययन गर्ने परीक्षार्थीहरुले परिषद्ले तोके बमोजिमको शुल्क बुझाउनु पर्नेछ । आरक्षण गरिएका कोटाका बैकल्पिक परिक्षार्थीहरु सोही कोटाका लागि मात्र प्रतिस्पर्धि हुनेछन् ।

(२) **परिषद् कर्मचारी/प्रशिक्षक वा परिवार आरक्षण कोटा :** परिषद्का प्रत्येक आंगिक तथा साझेदारी शिक्षालयमा प्रत्येक कार्यक्रममा १ सिट परिषद्का कर्मचारी/प्रशिक्षक तथा निजको परिवारलाई कोटा निर्धारण गरिएकोछ । यस कोटामा आवेदन फाराम भर्ने परिषद् सेवामा कार्यरत कर्मचारीले #**परिषद् प्रदेश कार्यालयको सिफारिश पत्र** पेश गर्नु पर्नेछ । यसरी निर्धारण गरिएको कोटामा परीक्षार्थी छनौट गर्दा सोही समूह बीच प्रतिष्पर्धा गराई छनौट गरिनेछ ।

≈**(२.१) स्थायी कर्मचारी परिवार कोटा रिक्त हुन गएको अवस्थामा उक्त रिक्त हुन गएको कर्मचारी परिवार कोटामा परिषद्को करार सेवामा कम्तिमा ३ (तीन) बर्ष सेवा अवधि पुरा गरेका व्यक्तिका परिवारले कर्मचारी परिवार कोटामा अध्ययनका लागि प्रतिस्पर्धा गर्न सक्नेछन ।**

(३) **पूर्ण शुल्किय लक्षित वर्ग कोटा :** अपाङ्ग, पूर्व कमैया/हलिया, पिछडिएको दुर्गम क्षेत्र, दलित, महिला, आदिवासी-जनजाती, मुस्लिम, मधेशी र जनआन्दोलन/जनयुद्ध/मधेश आन्दोलनका/द्वद पिडित/विस्थापित/बेपत्ता/शहिद परिवार/घाइते वा निजको सन्तती वर्गका लक्षित समूह मध्येबाट प्रत्येक शैक्षिक कार्यक्रममा स्वीकृत कोटाको १० प्रतिशत पूर्ण शुल्किय लक्षित वर्ग कोटा निर्धारण गरिएकोछ ।

यस लक्षित वर्गमा सामूदायिक सरकारी वा नीजि विद्यालयहरुमा अध्ययन गरेका परीक्षार्थीहरु सहभागि हुन पाउनेछन् ।

(४) **छात्रवृति कोटा** : परिषद्का आंगिक, सामुदायिक, साझेदार तथा निजी स्तरमा संचालित शिक्षालयहरुमा प्रि-डिप्लोमा तहमा भर्ना हुने विद्यार्थीहरुको संख्या जतिसुकै भएतापनि प्रत्येक शैक्षिक कार्यक्रममा नेपाली नागरिकलाई स्वीकृत कोटाको १० (दश) प्रतिशत छात्रवृत्ति प्रदान गरिनेछ । त्यसरी छात्रबृत्ति प्रदान गर्दा प्रत्येक कार्यक्रममा १ (एक) जनालाई जेहेन्दार (Merit) छात्रबृत्ति र बाँकी सीटमा बर्गिकृत (निःशुल्क) छात्रबृत्ति प्रदान गरिनेछ ।
वर्गिकृत (निःशुल्क) छात्रबृत्ति कोटामा नेपालको सरकारी वा सामूदायिक विद्यालयबाट प्रवेशिका परीक्षा, एस.ई.ई. वा सो सरह उत्तीर्ण योग्यता पुगेका नेपाली नागरिकहरुमात्र सहभागि हुन पाउनेछन् ।

९. **प्रवेश परीक्षाको सूचना :** (१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, परीक्षा नियन्त्रण कार्यालयबाट संचालन हुने यस निर्देशिकामा उल्लेखीत शैक्षिक कार्यक्रममा प्रवेश परीक्षाबाट परीक्षार्थी छनौट गरी भर्ना गर्नका लागि परिषद्, प.नि.का.द्वारा प्रत्येक वर्ष राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी आवेदन फाराम माग गरिनेछ ।

(२) यस निर्देशिका बमोजिम संचालन हुने बर्गिकृत (निःशुल्क) छात्रवृत्ति र पूर्ण शुल्किय प्रवेश परीक्षा छुट्टा-छुट्टै संचालन गरी नतिजा प्रकाशन गरिनेछ । माथि बुदामा जुनसुकै कुरा लेखिएको भएता पनि पूर्ण शुल्किय प्रवेश परीक्षा आवेदनको संख्याको आधारमा आवश्यक परेमा एक भन्दा बढी सिफ्ट् र मितिमा संचालन गर्न सकिनेछ ।

१०. **प्रवेश परीक्षाको आवेदन फाराम भर्ने :** (१) पूर्ण शुल्किय प्रवेश परीक्षाको आवेदन फारामहरु परिषद्, प.नि.का बाट प्रकाशित सूचना बमोजिमको मिति र समय भित्र अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षालयबाट बितरण एवं दर्ता गरिनेछ । दर्ता भएका आवेदन फारामहरु सम्बन्धित शिक्षालयले परिषद्, प.नि.का.बाट उपलब्ध गराइएको web based online Integrated Training Management System (ITMS) मा तोकिएको मिति र समयभित्र कोटा अनुसार Online application form Submit गर्नुपर्नेछ । Online Application Form Submit नभएका आवेदकलाई प्रवेश परीक्षामा समावेश गरिने छैन र सो को जिम्मेवार सम्वन्धित शिक्षालयका प्राचार्यको हुनेछ । पूर्ण शुल्किय प्रवेश परीक्षाको अनलाइन आवेदन भर्ने सम्बन्धी निर्देशन ***अनुसूची १*** मा दिइएको छ ।

(२) बर्गिकृत (निशुल्क) छात्रवृत्तिको आवेदन फाराम परीक्षार्थी स्यवंले परिषद् प.नि.का.बाट तोकिएको समयसिमा भित्र Online application form भरी बुझाउनु पर्नेछ । यसरी Online application form

---

# परीक्षा समितिको मिति २०७८।०४।२५ गतेको निर्णयानुसार पहिलो संशोधनद्वारा संशोधित ।

≈ परीक्षा समितिको मिति २०७८।०४।२५ गतेको निर्णयानुसार पहिलो संशोधनद्वारा थप गरिएको ।

भर्दा आफुले अध्ययन गर्न चाहेको प्रदेश र कार्यक्रम स्पष्टसंग उल्लेख गरी अध्ययन गर्न चाहेको शिक्षालय प्राथमिकिकरण गर्नु पर्नेछ ।

(३) Online application form को साथमा आवेदन शुल्क, हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को रंगीन फोटो र तोकिए अनुसारका कागजात अनिवार्य अपलोड गर्नु पर्नेछ । बर्गिकृत (नि:शुल्क) छात्रवृत्तिको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी निर्देशन ***अनुसूची २*** मा दिइएको छ ।

(४) तोकिए अनुसारका शुल्क, फोटो र कागजात समावेस नभएका आवेदन फारामहरु स्वत: रद्द हुनेछ ।

(५) बर्गिकृत (निशुल्क) छात्रवृत्तिको आवेदन फाराम परीक्षार्थी स्यवंले Online मा प्रकृया पुरा गरी परिषद्, प.नि.का. बाट स्वीकृत भएपछि तुरुन्त प्रवेशपत्र प्रिन्ट गर्न सकिन्छ । परीक्षार्थी उक्त प्रवेशपत्र स्वयंले प्रिन्ट गरी प्रवेश परीक्षामा सहभागी हुन आउदा अनिवार्य रुपमा साथमा लिई आउनुपर्नेछ ।

(६) पूर्ण शुल्किय परीक्षा तर्फको प्रवेशपत्र सम्बन्धित शिक्षालयले प्रिन्ट गरी प्राचार्यले प्रमाणित गरी परीक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ ।

(७) प्रवेशपत्र बिना परीक्षार्थीलाई प्रबेश परीक्षामा समावेस गराइने छैन ।

## ११. बर्गिकृत (नि:शुल्क) छात्रवृत्ति कोटाको आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:

(१) नेपाली नागरीकता वा नावालिग वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(२) सरकारी वा सामूदायिक विद्यालय हो भनी क्रमश: सम्बन्धित जिल्लाको जिल्ला शिक्षा समन्वय इकाई कार्यालय वा सम्बन्धित विद्यालयले प्रमाणित गरेको पत्रको प्रतिलिपी ।

(३) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको अनुसूची ३ अनुसारका जातीहरु र सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित जिल्ला प्रशासन कार्यालय/पालिका कार्यालयहरुवाट प्रमाणित गरिएको वा दलित परिचयपत्रको प्रतिलिपी ।

(४) मधेशी/मुस्लिमहरुको हकमा सम्वन्धित पालिका/जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरीदिएको प्रमाणपत्रको प्रतिलिपी ।

(५) मुस्लिमको हकमा सम्वन्धित पालिका वा जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरीदिएको प्रमाणपत्रको प्रतिलिपी ।

(६) आदिवासी जनजातीको हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सूचीकृत भएको ***अनुसूची ४*** अनुसारका जातीहरु र सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित पालिका वा जिल्ला प्रशासन कार्यालयवाट प्रमाणित गरिएको आदिवासी जनजाती प्रमाणपत्रको प्रतिलिपी ।

(७) पिछडिएको दुर्गम क्षेत्रकाको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लाबाटनै न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको शैक्षिक योग्यता तथा स्थायी बसोबास गरेको सम्वन्धित पालिका कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रतिलिपी ।

(८) बेपत्ता पारिएका व्यक्ति र सहिद परिवार तथा घाइते वा निजको परिवारले विक्रम सम्वत २०६२।६३ को जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत मुलुक भित्र भएका सवै आन्दोलनको क्रममा वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार/जन-आन्दोलन घाइते परिवार/द्वन्दपिडित/विस्थापित हो भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको सिफारिसपत्र वा परिचयपत्र र नाता प्रमाणित पत्रको प्रतिलिपी ।

(९) अपाङ्गको हकमा राष्ट्रिय अपाङ्ग महासंघ वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा अपाङ्ग परिचयपत्रको प्रतिलिपी ।

(१०) पूर्व कमैया/हलीयाहरुको हकमा सम्वन्धित जिल्ला भूमि सुधार कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र नाता प्रमाणपत्रको प्रतिलिपी ।

(११) विपन्न वर्गको हकमा सम्वन्धित पालिका कार्यालयले प्रमाणित गरिदिएको पत्रको प्रतिलिपी ।

(१२) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को रंगीन फोटो ।

(१३) न्यूनतम शैक्षिक योग्यता वा सो सरहको शैक्षिक प्रमाण पत्रको प्रतिलिपी ।

(१४) एकल महिलाको हकमा सम्वन्धित पालिका कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(१५) परिषद्बाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीले अध्ययन पश्चात नेपाल सरकारले चाहेमा खटाएको स्थानमा गई तोकिएको समयसम्म सेवा गर्नु पर्नेछ । सो का लागि आवेदन फाराममा उल्लेखित कवुलियतनामा गर्नुपर्नेछ ।

(१६) अनलाइन आवेदन फाराममा पुर्ण विवरण नभरेका र आवश्यक कागजात अनलाइनमा अपलोड (online upload) नगरेका परीक्षार्थीहरुको फाराम स्वत: रद्ध हुनेछ ।

(१७) आवेदन फारामसाथ पेश गर्नुपर्ने कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

**१२. पूर्ण शुल्किय खुला र पूर्ण शुल्किय लक्षित वर्ग कोटाको आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः (१)** स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को २ प्रति रंगीन फोटो ।

(२) न्यूनतम शैक्षिक योग्यता वा सो सरहको शैक्षिक प्रमाण पत्रको प्रतिलिपी ।

(३) नेपाली नागरीकता वा नावालिग वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(४) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपि ।

(५) पूर्ण शुल्किय लक्षितवर्ग कोटामा आवेदन फाराम भर्नेहरुले माथि उल्लेख भए बाहेक आफूपर्ने लक्षित वर्ग खुल्ने बुँदा नं. ८(३) मा उल्लेख भए बमोजिमका थप कागजातको प्रतिलिपी ।

(६) आवेदन फारामसाथ पेश गर्नुपर्ने कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

**१३. प्रवेश परीक्षाको प्रश्नपत्र निर्माण :** (१) छात्रबृत्ति तर्फको प्रवेश परीक्षाको प्रश्नपत्र परिषद्, परीक्षा नियन्त्रण कार्यालयले तयार पारी सम्बन्धित परिषद्, प्रदेश कार्यालयलाई उपलब्ध गराइनेछ ।

(२) पूर्ण शुल्किय तर्फको प्रवेश परीक्षाको प्रश्नपत्र परिषद्का सम्बन्धित प्रदेश कार्यालयले गोपनीयतापुर्वक तयार पारी सम्बन्धित परीक्षा केन्द्रमा उपलव्ध गराउनु पर्नेछ ।

(३) दुबै परीक्षाको लागि प्रश्नपत्र निर्माण गर्दा नेपाल सरकारको एस.ई.ई./प्रवेशिका परीक्षाको पाठ्यक्रमको आधारमा अनिवार्य गणितबाट २० वटा, अनिवार्य बिज्ञानबाट २० वटा र अनिवार्य अंग्रेजीबाट २० वटा गरी जम्मा ६० वटा बस्तुगत बहु-उत्तर प्रणालीको प्रश्न सोधिनेछ, प्रश्नपत्रको नमूना ***अनुसूची ५*** मा दिए वमोजिम हुनेछ ।

(४) प्रत्येक प्रश्नको अंकभार समान हुनेछ र जम्मा पूर्णाङ्क ७० हुनेछ ।

**१४. प्रवेश परीक्षा संचालन :** (१) छात्रबृत्ति तर्फको प्रवेश परीक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालयले निर्धारण गरेको समय तालिका तथा परीक्षा केन्द्रमा परिषद्, प्रदेश कार्यालय मार्फत संचालन गरिनेछ ।

(२) पूर्ण शुल्किय तर्फको प्रवेश परीक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालयले निर्धारण गरेको समय तालिका बमोजिम सम्बन्धित शिक्षालयले संचालन गर्नेछन् ।

(३) पूर्ण शुल्किय तर्फको प्रवेश परीक्षा संचालनको लागि सम्बन्धित शिक्षालयका प्राचार्यको संयोजकत्वमा सम्बन्धित पालिकाको शिक्षा हेर्ने कर्मचारी वा पालिकाले तोकेकोकर्मचारी प्रतिनिधि र सम्बन्धित शिक्षालय संचालक समितिले तोकेको प्रशिक्षक वा कर्मचारी सहितको ३ (तीन) सदस्यिय समिति मार्फत संचालन गर्नु पर्नेछ ।

(४) परीक्षाको समय जम्मा १ घण्टा ३० मिनेट हुनेछ ।

(५) प्रवेश परीक्षाको उत्तर पुस्तिकाको परीक्षण विधि परीक्षा समितिले तोके बमोजिम हुनेछ ।

(६) उक्त दुबै प्रवेश परीक्षाको अनुगमन प.नि.का. तथा परिषद्, प्रदेश कार्यालय मार्फत गरिनेछ ।

**१५. छात्रवृत्ति तर्फको प्रवेश परीक्षाको नतिजा प्रकाशन, सिफारिस तथा भर्नाः** (१) प्रि-डिप्लोमा तहको छात्रवृत्ति तर्फको सवै कार्यक्रमहरुको प्रवेश परीक्षा संचालन, व्यवस्थापन, नतिजा प्रकाशन तथा भर्नाको लागि सिफारिस गर्न परिषद्को प्रदेश कार्यालयमा देहाय बमोजिमको उप-समिति रहनेछ ।

क) परिषद्को प्रदेश कार्यालय प्रमुख -संयोजक

ख) सम्वन्धित प्रदेशको सामाजिक बिकास मन्त्रालयले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि -सदस्य

ग) सम्वन्धित प्रदेशका परिषद् कार्यालय प्रमुखले तोकेको अधिकृत स्तरको कर्मचारी-सदस्य सचिव

<u>नोट :</u>

अ) परिषद्, प्रदेश कार्यालयद्धारा प्रवेश परीक्षा संचालन, व्यवस्थापन तथा नतिजा प्रकाशन उप-समितिले नतिजा प्रकाशन सम्वन्धी कार्य गर्न मितव्ययी रुपमा कार्यटोली गठन गर्न सक्नेछ ।

आ) उप समिति तथा कार्यटोलीले नतिजा प्रकाशन गर्ने कार्य सम्पन्न गरी प्रतिवेदन बुझाए पश्चात परीक्षा सम्वन्धी बिनियमावली, २०७१ को बिनियम ४८ (१) बमोजिमको पारिश्रमिक पाउनेछ ।

(२) यस कोटामा परीक्षार्थी छनौट गर्दा उल्लेखित सबै लक्षित वर्गहरु बीच प्रतिष्पर्धा गराई प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा छनौट गरिनेछ ।

(३) परिषद्का प्रत्येक आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षालयहरुमा प्रवेश परीक्षा संचालनको लागि स्वीकृत पाएका प्रत्येक शैक्षिक कार्यक्रममा वर्गिकृत छात्रवृत्तिको लागि निर्धारित कुल संख्यालाई १०० प्रतिशत कायम गरि उक्त संख्यालाई

५०-५० प्रतिशतमा **साधारण र लक्षित वर्ग गरि दुई समूहमा** विभाजन गरी नेपालको सरकारी वा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा, वा एस.ई.ई. उत्तीर्ण गरेका नेपाली नागरिकलाई निःशुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

**(क) साधारण समुह :** नेपालको सरकारी वा सामूदायिक विद्यालयबाट प्रवेशिका परीक्षा वा एस.ई.ई. वा सो सरह उत्तीर्ण लक्षित तथा साधारण समूहका योग्यता पुगेका नेपाली नागरिकहरुलाई उल्लेख भए वमोजिमको प्रतिशतलाई सत प्रतिशत कायम गरी निःशुल्क (बर्गिकृत) छात्रवृत्ति प्रदान गरीनेछ ।

**(ख) लक्षित वर्ग समुह :** नेपालको सरकारी वा सामूदायिक विद्यालयबाट प्रवेशिका परीक्षा वा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेका तपसिलका लक्षित वर्गका नेपाली नागरिकहरुलाई उल्लेख भए वमोजिमको प्रतिशतलाई सत प्रतिशत कायम गरि निम्न वमोजिमको आरक्षित गरिएको प्रतिशतमा कार्यक्रम अनुसारको सिट संख्यामा निःशुल्क (बर्गिकृत) छात्रवृत्ति प्रदान गरीनेछ ।

**लक्षित बर्ग समूहको लागि आरक्षित सिट संख्या :**

| क्र.सं. | लक्षित वर्ग | | आरक्षित प्रतिशत |
|---|---|---|---|
| १ | **अपाङ्ग** | | **२** |
| २ | **पूर्व कमैया/हलिया** | | **२** |
| ३ | **पिछडिएको दुर्गम क्षेत्र** | | **४** |
| ४ | **दलित** | | **९** |
| ५ | **महिला (एकल महिलालाई पहिलो प्राथमिकता दिइनेछ)** | | **२५** |
| | क. मुस्लिम समुदायका महिला | २ | |
| | ख. दलित समुदायका महिला | ३ | |
| | ग. क्र.सं. ५ क र ख बाहेकका महिला | २० | |
| ६ | **आदिवासी-जनजाति (सूचीकृत)** | | **२५** |
| | क. समूह क मा पर्ने जातजाती | ४ | |
| | ख. समूह ख मा पर्ने जातजाती | ५ | |
| | ग. समूह ग मा पर्ने जातजाती | ५ | |
| | घ. समूह घ मा पर्ने जातजाती | ५ | |
| | ङ. समूह ङ मा पर्ने जातजाती | ६ | |
| ७ | **आर्थिक वा सामाजिक रुपमा विपन्न** | | **३३** |
| | क. मुस्लिम समुदाय | २ | |
| | ख. मधेशी समुदायका दलित | ३ | |
| | ग. जनआन्दोलन/जनयुद्ध/मधेश आन्दोलन/द्वन्द पिडीत/विस्थापित/बेपत्ता परिएका व्यक्ति र सहिद परिवार तथा घाइते वा निजको सन्तति | ३ | |
| | घ. क्र.सं. ७ क र ख बाहेकका मधेशी समुदाय | १५ | |
| | ङ क्र.सं. ७ क, ख, ग र घ बाहेकका आर्थिक वा सामाजिक रुपमा विपन्न | १० | |

(**स्पष्टिकरणः** महिला परीक्षार्थीहरुले आवेदन फाराममा महिला वर्ग भनि उल्लेख गर्न छुट भए तापनि निजहरुलाई सोहि वर्गको मानि आरक्षित प्रतिशतमा प्रतिस्पर्धा गराइनेछ । कायम हुन आउने कोटा संख्यालाई लक्षित वर्गको प्रतिशत बमोजिम भाग लगाउँदा सबै लक्षित वर्गमा भाग नपुग्ने अवस्था आएमा बुंदा नं. १५(३)(ख) मा उल्लेखित लक्षित वर्गलाई तोकिएको प्रतिशत मध्ये क्रमशः बढी प्रतिशतबाट भाग लगाई कोटा निर्धारण गर्नुपर्नेछ । लक्षित वर्ग समूह भित्रका उप समूहको प्रतिशत बराबर भएको अवस्थामा क्रमशः माथिबाट कोटा निर्धारण गर्नुपर्नेछ ।

(ग) माथि बुँदामा जे सुकै लेखिएको भएता पनि यस अघि शिक्षालय संचालक समितिको निर्णयानुसार स्वीकृत सम्पूर्ण सिटहरुमा कोटा निर्धारण गरिसकेका परिषद्का आंगिक शिक्षालयहरुको वर्गिकृत (निःशुल्क) छात्रवृत्ति कोटा निर्धारण गर्नु पर्ने छैन ।

(४) यस छात्रवृत्तिका लागि प.नि.का.बाट तोकिए अनुसार दुवै लक्षित वर्ग समूहको लागि अनलाइन मार्फत एउटै आवेदन फाराम भरी बुझाउन पर्नेछ । लक्षित वर्ग समूहमा आवेदन फाराम भर्न योग्य परीक्षार्थी

साधारण समूहमा स्वतः आवेदक हुनेछ । यस छात्रवृत्तिमा आवेदन भर्ने परीक्षार्थीहरुको प्रदेश स्तरमा प्रतिस्पर्धा हुनेछ ।

(५) साधारण समूहको नतिजा प्रकाशन गर्दा साधारण समूह वा लक्षित वर्ग समूहमा आवेदन भरी प्रवेश परीक्षा दिएका परीक्षार्थीहरु बीच इच्छाइएको कार्यक्रमानुसार आवेदन फाराम बुझाइएको प्रदेश अनुसार प्रतिस्पर्धा गराई योग्यताक्रम सूची अनुसार क्रमशः उच्चतम अंक प्राप्त गर्ने परीक्षार्थीहरुलाई निजले निवेदनमा प्राथमिकीकरण गरेको शिक्षालयमा छात्रवृत्तिका लागि सिफारिश गरिनेछ । यदि निजले रोजेको शिक्षालयमा कोटा पुरा हुन गएमा अन्य शिक्षालयमा छात्रवृत्तिका लागि सिफारिश गरिनेछ । प्रदेश कार्यालयबाट सिफारिश गरिएका शिक्षालयमा तोकिएको मितिभित्र भर्ना हुन नगएमा सो को जिम्मेवार स्वयं परीक्षार्थी हुनेछ र उक्त परीक्षार्थीलाई सोही शैक्षिक शत्रको रिक्त कोटामा पुनः सिफारिश गरिने छैन ।

(६) बर्गिकृत (निःशुल्क) छात्रवृत्ति लक्षित वर्ग समूहको छनौट तथा सिफारिशको प्रकृया देहाय बमोजिम हुनेछ ।

अ) लक्षित वर्ग समूहको नतिजा प्रकाशन गर्दा एक वा सो भन्दा बढि लक्षित वर्गमा आवेदन फाराम भरी प्रवेश परीक्षा दिने परीक्षार्थीहरु बिच बुदाँ नं. १५(३)(ख) को क्र.सं. १ देखि ७ सम्म क्रमानुसारका लक्षित वर्गलाई कार्यक्रम अनुसार प्रत्येक वर्गमा प्रतिस्पर्धा गराई योग्यताक्रम अनुसार क्रमशः उच्चतम अंक प्राप्त गर्ने मुख्य तथा योग्यताक्रम सूचिमा रहेका परीक्षार्थीहरुको प.नि.काबाट तोकिएको ढाँचामा प्राथमिकिकरणको आवेदन फारामसाथ संलग्न निवेदन दिए अनुसार योग्यताक्रमको आधारमा शिक्षालयहरुमा छात्रवृत्तिका लागि सिफारीस गरिनेछ । यसरी प्रतिस्पर्धा गराउँदा कुनै लक्षित वर्गको कोटा रिक्त रहन आएमा बुँदा नं. १५(३)(ख) को अन्य लक्षित वर्ग समूहका परीक्षार्थीहरु मध्येबाट उच्चतम अंक प्राप्त गर्ने परीक्षार्थीलाई योग्यताक्रमानुसार सिफारिश गरी नामावली प्रकाशित गरिनेछ ।
सिफारीस गरिएको वारेको सूचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिनेछ र यसको बिस्तृत विवरण परिषद्को वेभसाइट www.ctevt.org.np [≈]**<u>वा</u>** **<u>www.ctevtexam.org.np</u>** मा तथा परिषद्का सम्बन्धित प्रदेश कार्यालयका वेभसाइटमा प्रकाशित गरिनेछ ।

आ) बर्गिकृत (निःशुल्क) छात्रबृत्तिको नतिजा परिषद्का सम्बन्धित प्रदेश कार्यालयबाट प्रकाशित गरिनेछ । कुनै पनि कारणले रिक्त हुन आउने सम्वन्धित प्रदेशका सिटहरु समेत परिषद्को सम्वन्धित प्रदेश कार्यालयले जुन बर्गको कोटा रिक्त रहन गएको हो सोही अनुसार योग्यताक्रमानुसार ७ दिनको भर्ना हुन जाने म्याद दिई नतिजा प्रकाशन गर्नेछ । सो को सूचना प्रदेश कार्यालयको वेभसाइट तथा गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरिनेछ ।

इ) प्रवेश परीक्षा संचालन भैसके पश्चात शिक्षालय स्वीकृत भएमा वा कार्यक्रम थप भएमा सम्वन्धित प्रदेशको कार्यक्रम र बर्गको बैकल्पिक परिक्षार्थीलाई योग्यताक्रमको आधारमा परिषद्को सम्वन्धित प्रदेश कार्यालयले छनौट गरी सिफारिश गर्नेछ ।

(७) छात्रवृत्तिका लागि सिफारिश गरिएका मुख्य परीक्षार्थीहरुले नतिजा प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित शिक्षालयमा भर्ना भई सक्नुपर्नेछ । तोकिएको अवधि भित्र सिफारीस गरिएको शिक्षालयमा परीक्षार्थी भर्ना हुन नआई छात्रवृत्तिको सिट रिक्त रहन आएमा सम्बन्धित शिक्षालयले तोकिएको म्याद भित्र भर्ना हुन नआउने बिद्यार्थीको नाम, कार्यक्रम, संख्या र बर्ग खुलाई सो को लिखित जानकारी आफ्नो क्षेत्रको परिषद्को प्रदेश कार्यालयमा ३ दिन भित्र जानकारी दिई सो को बोधार्थ परिषद् परीक्षा नियन्त्रण कार्यालय (oce.ctevt@gmail.com) मा अनिवार्य रुपमा जानकारी गराईसक्नु पर्नेछ ।

(८) रिक्त सिटहरुको विवरण लिखित रुपमा परिषद्को प्रदेश कार्यालयमा प्राप्त भए पछि जुन शैक्षिक कार्यक्रम एवं जुन लक्षित वर्गको कोटा रिक्त भएको हो सोही लक्षित वर्ग र शैक्षिक कार्यक्रमका बैकल्पिक सूचीमा रहेका परिक्षार्थीहरुबाट निजहरुले प्राथमिकिकरण गरेको शिक्षालयमा योग्यताक्रमानुसार भर्नाका लागि ७ दिनको भर्नाको म्याद दिई सम्वन्धित परिषद्को प्रदेश कार्यालयले सिफारिश गर्नेछ र सो व्यहोराको सूचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका तथा सम्बन्धित परिषद्का प्रदेश कार्यालयको वेभसाइटमा प्रकाशित गरिनेछ ।

(९) सम्बन्धित कार्यक्रमको सम्बन्धित वर्गका बैकल्पिक परीक्षार्थीहरु नभएको अवस्थामा गोरखापत्रमा सुचना प्रकाशित गरी अन्य कार्यक्रमको लागि प्रवेश परीक्षामा सामेल भएका परीक्षार्थीहरु मध्येबाट रिक्त कार्यक्रममा अध्ययनका लागि परिषद्का प्रदेश कार्यालयहरुमा निवेदन दर्ता

---

≈ परीक्षा समितिको मिति २०७८।०४।२५ गतेको पहिलो संशोधनद्वारा संशोधित ।

गराएका मध्येबाट प्रवेश परीक्षामा उच्चतम अंक प्राप्त गर्ने योग्य परीक्षार्थीलाई भर्नाका लागि छनौट गरिनेछ । यसरी छनौट गरिएका परीक्षार्थीहरुको सूचना गोरखापत्र राष्ट्रिय दैनिकमा र परीक्षार्थीहरुको पूर्ण विवरण परिषद्, प्रदेश कार्यालयको वेभसाइटमा प्रकाशित गरिनेछ ।

(१०) माथिका बुँदाहरुमा उल्लेख भए बमोजिम छात्रवृत्तिका लागि सिफारिस भएका परीक्षार्थीहरुलाई सम्बन्धित शिक्षालयले तोकिएको मिति भित्र अनिवार्य रुपमा भर्ना गराई सो को जानकारी परिषद्का, प्रदेश कार्यालयहरु तथा प.नि.का. लाई गराउनु पर्नेछ । सो अनुरुप नगरी छात्रवृत्ति व्यवस्थापनमा असहयोग गर्ने शिक्षालयको आगामी शैक्षिक सत्रमा सो कार्यक्रमको स्वीकृत कोटा भित्र रहने गरी वर्गिकृत निःशुल्क छात्रवृत्तिमा १ सिट थप गरिनेछ ।

(११) प.नि.का.बाट छात्रवृत्तिमा सिफारिश गरिएका परीक्षार्थी बाहेक अन्य परीक्षार्थीलाई छात्रवृत्ति कोटामा भर्ना गर्न पाइने छैन यदि कुनै शिक्षालयले सो कोटाहरुमा भर्ना गरेको पाइएमा उक्त परीक्षार्थीहरुको रजिष्ट्रेशन खारेज गरी उक्त शिक्षालयको आगामी शैक्षिक सत्रमा सो कार्यक्रमको स्वीकृत कोटा भित्र रहने गरी छात्रवृत्तिमा जति सिट संख्यामा भर्ना गरेको हो सोही संख्यामा वर्गिकृत (निःशुल्क) छात्रवृत्ति कोटामा थप गरिनेछ ।

**१६. बर्गिकृत (निःशुल्क) छात्रबृत्ति तर्फको रिक्त हुन आउने कोटाहरुमा सिफारिश गर्ने सम्वन्धी व्यवस्था :** (१) प्रि-डिप्लोमा तहको बर्गिकृत (निःशुल्क) छात्रबृत्ति तर्फको आफ्नो प्रदेश अन्तर्गत पर्ने सवै शिक्षालय तथा कार्यक्रमहरुमा पहिलो पटक सिफारिश गरी तोकिएको म्याद भित्र भर्ना हुन नगई रिक्त हुने तथा प्रवेश परीक्षा संचालन पश्चात परिषद्बाट नयां स्वीकृत पाएका शिक्षालयका कार्यक्रमहरुमा बैकल्पिक सूचीमा रहेका परिक्षार्थीहरुबाट रिक्त भएका सिटहरुमा बर्गिकृत (निशुल्क) छात्रबृत्तिमा योग्यताक्रम अनुसार परीक्षार्थीहरु सिफारिश गर्न देहाय बमोजिमको कार्यटोली रहनेछ ।

क) परिषद् प्रदेश कार्यालय प्रमुख -संयोजक
ख) परिषद् प्रदेश कार्यालय प्रमुखले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य
ग) परिषद् प्रदेश कार्यालयको परीक्षा शाखामा काम गर्ने कार्यालय प्रमुखले तोकेको कर्मचारी -सदस्य
घ) कम्प्यूटरमा नतिजा प्रकाशन सम्वन्धी कार्य गर्न सक्ने परिषद् प्रदेश कार्यालय प्रमुखले तोकेका कर्मचारी -सदस्य

(२) उल्लेखित कार्यटोलीले नतिजा प्रकाशन गर्ने कार्य सम्पन्न गरी प्रतिवेदन बुझाए पश्चात परीक्षा सम्वन्धी बिनियमावलीको अनुसुची (२) को (९) (२) को (ङ) बमोजिम खाना/खाजा खर्च पाउनेछन् ।

(३) कार्यटोलीमा परिषद् प्रदेश प्रमुखले तोकेका सवारी चालक र कार्यालय सहयोगीहरु १/१ जना रहन सक्ने र निजहरुले कार्यटोलीका सदस्यहरुले पाए सरह खाना/खाजा खर्च पाउनेछन् ।

**१७. छात्रवृति सम्बन्धी अन्य व्यवस्थाः** (१) परिषद्का आंगिक, सामुदायिक, साझेदार तथा निजी स्तरमा संचालित शिक्षालयहरुमा प्रि-डिप्लोमा तहमा भर्ना हुने विद्यार्थीहरुको संख्या जतिसुकै भएतापनि प्रत्येक शैक्षिक कार्यक्रममा नेपाली नागरिकलाई स्वीकृत कोटाको १० (दश) प्रतिशत छात्रवृत्ति प्रदान गरिनेछ । त्यसरी छात्रबृत्ति प्रदान गर्दा प्रत्येक कार्यक्रममा १ जनालाई जेहन्दार (निशुल्क) छात्रबृत्ति र बाँकी सीटमा बर्गिकृत (निशुल्क) छात्रबृत्ति प्रदान गरिनेछ ।

(२) यदि कुनै तोकिएको कार्यक्रमको अध्यापन कार्य संचालन नहुने अवस्था आइपरेमा यस बमोजिमको छात्रवृत्ति प्रदान गरिने छैन ।

(३) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले परीक्षाको मर्यादा विपरीत वा प्रचलित कानूनले दण्डनिय काम गरेको ठहर भएमा छात्रवृत्तिको सुविधा स्वतः खारेज हुनेछ ।

(४) परिषद्बाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीले अध्ययन पश्चात नेपाल सरकारले चाहेमा खटाएको स्थानमा गई तोकिएको समयसम्म सेवा गर्नु पर्नेछ । सो का लागि आवेदन फाराममा उल्लेखित कवुलियतनामामा गर्नुपर्नेछ ।

(५) कुनै पनि परीक्षार्थीले यस निर्देशिका वमोजिमको शैक्षिक कार्यक्रम अध्ययनका लागि परिषद् वा अन्य सरकारी निकायबाट उपलब्ध गराइने छात्रवृत्तिहरु मध्ये निजले रोजेको एउटा मात्र छात्रवृत्ति प्राप्त गर्नेछ ।

(६) छात्रवृत्ति पाउने मनसायले नक्कली कागजपत्रहरु पेश गरी छात्रवृत्ति पाएको ठहर भएमा जुनसुकै अवस्थामा परिषद्, प.नि.का. ले रजिष्ट्रेशन खारेज गरी निज उपर प्रचलित कानून बमोजिम

कार्वाहीका लागि सिफारीस गर्नेछ । त्यस्ता परीक्षार्थीलाई परिषद्बाट संचालन हुने कुनै पनि किसिमको परीक्षामा ५ बर्ष सम्म समावेश गराइने छैन ।

(७) छात्रवृत्तिको प्रवेश परीक्षाको योग्यताक्रम सूचिमा रहेका परीक्षार्थी पूर्ण शुल्किय कोटामा भर्ना भई रजिष्ट्रेशन कायम भए पश्चात छात्रवृत्ति कोटा रिक्त रहेता पनि छात्रवृत्तिमा स्थानान्तरण गरिने छैन ।

(८) छात्रवृत्तिमा सिफारिश भई भर्ना भएका परीक्षार्थीहरुले आफू अध्ययनरत शिक्षालयमा लाग्ने कुनै पनि किसिमका शुल्क तिर्नु पर्ने छैन । अध्ययन अवधिभर खाने र बस्ने व्यवस्था भने परीक्षार्थी आफैंले गर्नुपर्नेछ ।

**१८. जेहेन्दार (Merit) छात्रवृत्ति** (१) परिषद्का प्रत्येक आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजीस्तरमा संचालित शिक्षालयमा परीक्षार्थी भर्नाका लागि संचालन गरिने पूर्ण शुल्कीय कोटाको प्रवेश परीक्षामा सहभागी भएका परीक्षार्थीहरुबाट प्रत्येक कार्यक्रममा योग्यताक्रम सूचीको उच्चतम अङ्क प्राप्त गर्ने एक जना परीक्षार्थीलाई जेहेन्दार छात्रवृत्ति (Merit Scholarship) प्रदान गरिनेछ ।

(२) यस छात्रवृत्तिका लागि प्रत्येक शिक्षालयको प्रत्येक कार्यक्रममा पूर्ण शुल्कीय तर्फ आवेदन फाराम भर्ने परीक्षार्थीहरु बीच मात्र प्रतिस्पर्धा हुनेछ ।

(३) यस छात्रवृत्तिमा छनौट भई सिफारीश भएका परीक्षार्थीहरु कुनै कारणवश भर्ना हुन नगएमा वा भर्ना भई रजिष्ट्रेशन गर्ने समय अगावै अध्ययन गर्न छाडेमा तत्पश्चातको उच्चतम अंक प्राप्त गर्ने अर्को परीक्षार्थीलाई सो छात्रवृत्ति प्रदान गर्नुपर्नेछ । रजिष्ट्रेशन कायम भैसकेपछि यो छात्रवृत्ति पाएका विद्यार्थीले बीचमा अध्ययन छाडेमा अर्को विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने छैन ।

(४) छात्रवृत्ति प्राप्त गरेका प्रशिक्षार्थीसँग शिक्षालयले खाने बस्ने बाहेक अन्य कुनै पनि शुल्क लिन पाउने छैन ।

(५) यस छात्रवृत्तिमा सिफारिश भएको परीक्षार्थी यसै निर्देशिका बमोजिम सोही शिक्षालयमा वर्गिकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिश भएको पाइएमा निजलाई वर्गिकृत (निःशुल्क) छात्रवृत्ति नै कायम गरी तत् पश्चातको उच्चतम अंक प्राप्त गर्ने परीक्षार्थीलाई सम्बन्धित शिक्षालयले जेहेन्दार छात्रवृत्ति उपलब्ध गराई सो को जानकारी परिषद्, प्रदेश कार्यालय र प.नि.का. लाई गराउनु पर्नेछ ।

**१९. पूर्ण शुल्किय तर्फको प्रवेश परीक्षाको नतिजा प्रकाशन, सिफारिस तथा भर्ना:** (१) प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फको सबै कार्यक्रमहरुको प्रवेश परीक्षा संचालन, व्यवस्थापन तथा नतिजा प्रकाशन गरी भर्नाको लागि सिफारिस गर्न सम्बन्धित शिक्षालयमा देहाय बमोजिमको उप-समिति गठन गर्नु पर्नेछ ।

| | |
|---|---|
| क) सम्बन्धित शिक्षालयका प्राचार्य | -संयोजक |
| ख) सम्वन्धित पालिकाको शिक्षा हेर्ने कर्मचारी वा पालिकाले तोकेको कर्मचारी प्रतिनिधि | -सदस्य |
| ग) सम्वन्धित शिक्षालय संचालक समितिले तोकेको प्रशिक्षक वा कर्मचारी | -सदस्य सचिव |

(२) पूर्ण शुल्किय लक्षित बर्ग कोटा र पूर्णशुल्किय खुल्ला कोटाको लागि प्रवेश परीक्षाबाट परीक्षार्थी छनौट गर्दा प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा छनौट गरिनेछ ।

(३) पुर्ण शुल्कीय लक्षित बर्ग कोटामा फाराम भर्ने परीक्षार्थीलाई पुर्ण शुल्किय खुला कोटामा प्रतिष्पर्धा गराइने छैन ।

(४) पूर्णशुल्किय लक्षित बर्गमा कोटा रिक्त रहन आएमा सोही कार्यक्रमको खुला कोटामा प्रवेश परीक्षाको योग्यताक्रम सूचिमा रहेका परीक्षार्थीहरु मध्येवाट योग्यताक्रमका आधारमा सिफारिस गरिनेछ ।

(५) पूर्ण शुल्किय खुला तथा लक्षित वर्ग कोटामा भर्नाका लागि सिफारिश गरिएका मुख्य परीक्षार्थीहरुलाई सम्बन्धित शिक्षालयले सिफारिश गरिएको मितिले १५ दिन भित्र भर्ना गराई सक्नुपर्नेछ । तोकिएको म्याद भित्र मुख्य परीक्षार्थी भर्ना हुन नआएमा सो संस्थाको सम्बन्धित कार्यक्रमको वैकल्पिक सूचिमा रहेका परीक्षार्थीलाई जानकारी हुने गरी सम्बन्धित शिक्षालयले कम्तिमा ७ दिनको म्याद दिई रिक्त रहेको बर्ग, कोटा, संख्या स्पष्ट उल्लेख गरी सम्बन्धित शिक्षालयको सूचना पाटीमा तथा शिक्षालय रहेको सम्बन्धित पालिकाको कार्यालय र वडा कार्यालयको सूचना पाटीमा तथा सम्बन्धित शिक्षालयको वेबसाइटमा अनिवार्य प्रकाशित गर्नु पर्नेछ ।

(६) उपरोक्त अनुसार दर्ता हुन आएका निवेदनहरु शिक्षालयको मूल दर्ता किताबमा दर्ता गरी अन्तिम मिति सम्म दर्ता हुन आएका उम्मेदवार मध्येबाट योग्यताक्रम सूची प्रकाशित गरी सोही अनुसार रिक्त सिटहरुमा परीक्षार्थी भर्ना गर्नु पर्नेछ ।

(७) उल्लेखित बुंदा १९(६) अनुसारको प्रकृया अपनाउदा पनि परीक्षार्थी भर्ना नभई कोटा रिक्त हुन आएमा सो को लिखित जानकारी परिषद् प्रदेश कार्यालयलाई गराई रिक्त रहन आउने प्रत्येक शैक्षिक कार्यक्रमको सिटमा निम्न प्रकृया अपनाइ भर्ना गर्नु पर्नेछ ।

(क) सम्बन्धित शिक्षालयले रिक्त सिट संख्या उल्लेख गरी सार्वजनिक सूचना प्रकाशित गरी निर्देशिकाले तोकेको शैक्षिक योग्यता पुगी अन्य शिक्षालयबाट प्रवेश परीक्षा उतिर्ण गरी प्रवेश परीक्षाको योग्यताक्रम सूचिमा रहेका परीक्षार्थीहरुबाट आवेदन संकलन गर्न सक्नेछन् । यसरी रिक्त रहेको सिटमा भर्ना लिनका लागि सिट रिक्त रहेको शिक्षालयले सार्वजनिक सूचना प्रकाशित गरेर मात्र भर्ना गर्नु पर्नेछ ।

यसरी पर्न आएका निवेदनहरु मध्ये रिक्त रहेको कार्यक्रमको योग्यताक्रम सूचीमा रहेका परीक्षार्थीहरुलाई पहिलो प्राथमिकता दिई भर्ना गर्नुपर्नेछ ।

(ख) उपरोक्त अनुसार दर्ता हुन आएका निवेदनहरु शिक्षालयको मूल दर्ता किताबमा दर्ता गरी अन्तिम मितिसम्म दर्ता हुन आएका निवेदनहरु मध्येबाट प्रवेश परीक्षामा प्राप्त गरेको योग्यताक्रम अनुसार रिक्त सिटहरुमा परीक्षार्थी भर्ना गर्नु पर्नेछ ।

(ग) उल्लेखित प्रकृया अपनाई भर्ना गरिएका परीक्षार्थीहरुको परिषद् रजिष्ट्रेशन गराउँदा माथी प्रकृयामा उल्लेखित सम्पूर्ण कागजातहरु (सार्वजनिक गरिएको सूचनाको सक्कल प्रति, मूल दर्ता किताबमा निवेदन दर्ता भएको प्रमाणित प्रतिलिपि तथा योग्यता क्रमको सूचीको प्रमाणित प्रतिलिपी) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यसरी प्रकृया र कागजात नपुगी आएको परीक्षार्थीको भर्ना स्वतः रद्ध हुनेछ ।

उल्लेखित प्रकृया नपुऱ्याई पूर्ण शुल्कमा परीक्षार्थी भर्ना गरेको पाइएमा प्रति विद्यार्थी पुरा शैक्षिक अवधिमा लिइने सम्पुर्ण शुल्क बराबरको रकम जरिवाना गरिनेछ । यसरी तोकिएको जरिवाना रकम नतिर्ने शिक्षालयलाई सरकारी बाँकी सरह कायम गरी असुल उपर गरिनेछ ।

(घ) पुर्ण शुल्कीय कोटाहरुमा पुर्ण शुल्कीय तर्फको बैकल्पिक परीक्षार्थी नभई कोटा खाली रहन गएको खण्डमा मात्र बर्गिकृत (निःशुल्क) छात्रवृत्तिको बैकल्पिक परीक्षार्थीलाई योग्यताक्रमानुसार भर्ना गर्न सकिनेछ ।

(ङ) आरक्षित कोटाहरुमा सम्वन्धित कोटाको मुख्य उम्मेदवार भर्ना हुन नआई रिक्त हुन गएको खण्डमा सोही कोटाको बैकल्पिक परीक्षार्थीलाई योग्यताक्रमानुसार भर्ना गर्न सकिनेछ । बुंदा नं (ग) र (घ) अनुसार भर्ना गर्दा (क) अनुसारको प्रकृया पुरा गर्नुपर्नेछ ।

नोट :

अ) उप समितिले नतिजा प्रकाशन गर्ने कार्य सम्पन्न गरी प्रतिवेदन बुझाए पश्चात सम्बन्धित शिक्षालयको नियमानुसारको पारिश्रमिक पाउनेछ ।

२०. **शिक्षालयलाई भर्ना सम्बन्धी निर्देशनः (१)** परिषदका शैक्षिक कार्यक्रम संचालन गर्ने प्रत्येक शिक्षालयले आफुले परिषदबाट संचालन स्विकृती प्राप्त गरेका प्रत्येक शैक्षिक कार्यक्रमको कुल सीट संख्या, लाग्ने शुल्क, प्रत्येक छात्रवृत्तिको किसिम र सिट संख्या, सो वापत प्राप्त हुने सुविधा, छात्रवृत्ति प्राप्त गर्न अपनाउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने आवश्यक कागजातहरुको सूचि कम्तिमा ८'X४' साइजको नागरिक वडापत्रमा उल्लेख गरी सम्वन्धित सवैले देख्ने गरी शिक्षालयको हाता भित्र राख्नु पर्नेछ ।

(२) फारामसाथ पेश गर्नुपर्ने आवश्यक प्रमाण, कागजातहरु परीक्षार्थी स्वयमले प्रमाणित गरी सूची बनाई पेश गर्नुपर्नेछ । उक्त फाराम र फाराम साथ संलग्न कागजातहरु ठिक भए नभएको रुजु गरी स्वीकृत एवं प्रमाणित गर्ने र फाराम साथ संलग्न कागजातहरुको सूची प्रमाणित गरी परीक्षार्थीलाई उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित शिक्षालयको प्राचार्य/प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारीको हुनेछ । पेश हुन आएको विवरण फरक पर्न गएमा सोको जिम्मेवार सम्बन्धित शिक्षालयका प्राचार्य/प्रमुख हुनु पर्नेछ ।

**(३)** प्रवेश परीक्षा योग्यताक्रम सूचिमा रही भर्नाका लागि सिफारीस गरिएका परीक्षार्थीहरुलाई भर्ना गर्नु पूर्व सम्बन्धित शिक्षालयले भर्नाका लागि सिफारिश गरिएका परीक्षार्थीको पेशागत संस्था (Professional Council) हरुको प्रचलित कानूनले तोकेको मापदण्ड अनुसार मानसिक तथा शारिरीक रुपमा योग्य भए नभएको विज्ञबाट परीक्षण गराई योग्य परीक्षार्थीलाई मात्र भर्ना गर्ने जिम्मेवारी सम्वन्धित शिक्षालयको हुनेछ । योग्य परीक्षार्थीको सिफारिश पत्र रजिष्ट्रेशनको समयमा परीक्षा नियन्त्रण

कार्यालयमा पेश गर्नुपर्नेछ । यसरी सिफारिश गरिएका परीक्षार्थी मानसिक तथा शारीरिक रुपमा अयोग्य ठहर भई सिट रिक्त हुन आएमा तोकिए बमोजिम भर्ना गर्नुपर्नेछ ।

(४) जेहेन्दार र वर्गिकृत (निःशुल्क) छात्रवृत्ति पाउने विद्यार्थीसँग संस्थाले खाने बस्ने बाहेक अन्य कुनै पनि शुल्क लिन पाउने छैन । सो विपरित रकम अशुल गरेको पाइएमा परिषद्को ऐन, नियम तथा विनियम बमोजिम उक्त शिक्षालयलाई कारवाही हुनेछ ।

(५) वर्गिकृत (निःशुल्क) छात्रवृत्ति कोटामा परीक्षार्थी भर्ना गर्दा बुँदा नं. १५ र पूर्ण शुल्किय कोटामा परीक्षार्थी भर्ना गर्दा बुँदा नं. २० मा उल्लेखित प्रक्रिया अपनाई गर्नुपर्नेछ ।

(६) शिक्षालयले भर्नाका लागि सिफारिश गरिएका पूर्ण शुल्किय तर्फका परीक्षार्थीहरुसंग परिषद्ले निर्धारण गरेको शुल्क मात्र लिनु पर्नेछ । तर विदेशी परीक्षार्थीको हकमा सम्बन्धित शिक्षालयको संचालक समितिले निर्णय गरी तोके बमोजिम हुनेछ ।

(७) भर्नाको लागि सिफारिश भएका परीक्षार्थीहरुको सक्कल प्रमाणपत्र रुजू गरी तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका परीक्षार्थीहरुलाई मात्र भर्ना गर्ने जिम्मेवारी सम्बन्धित शिक्षालयको प्राचार्यको हुनेछ । प्रमाणपत्रहरु रुजु गर्दा कुनै विवरण फरक हुन गएमा वा झुटो विवरण पेश गरेको पाइएमा त्यस्ता परीक्षार्थीलाई सम्बन्धित शिक्षालयले भर्ना गराउने छैन । भर्ना भएको भए पनि कुनै पनि समयमा भर्ना रद्द गरिने छ ।

(८) शिक्षालयमा विद्यार्थीहरुको भर्ना संख्या जतिसुकै भएता पनि प्रत्येक कार्यक्रममा वर्गिकृत (निःशुल्क) र जेहेन्दार छात्रवृत्ति अनिवार्य रुपमा प्रदान गर्नु पर्नेछ ।

(९) बर्गिकृत (निःशुल्क) छात्रबृत्तिमा सिफारिश भएको परिक्षार्थीको नतिजा विवरण सम्वन्धित शिक्षालयको प्राचार्यले परिषद् वा परिषद्, प्रदेश कार्यालयको वेभसाइटबाट Download गरी शिक्षालयको मुख्य सूचनापाटीमा टांस गर्नुपर्नेछ ।

(१०) शिक्षालयहरुलाई मुख्य परीक्षार्थीहरुको रुपमा भर्नाका लागि सिफारिश गरिएका परीक्षार्थीहरु तोकिएको समयमा भर्ना नभई सिट रिक्त रहेको खण्डमा सार्वजनिक सुचना प्रकाशन गर्दा रिक्त रहेको बर्ग, कोटा र संख्या स्पष्ट उल्लेख गरी सूचना प्रकाशित गर्नुपर्नेछ ।

≈(११)**पुर्ण शुल्कीय तर्फ भर्ना भएको कुनै परीक्षार्थी बर्गीकृत (निःशुल्क) छात्रबृत्ति तर्फ सो शिक्षण संस्था वा अन्य शिक्षण संस्थामा सिफारिश भई भर्ना भएमा उक्त शिक्षण संस्थामा पुर्ण शुल्कीय तर्फ रिक्त हुने कोटामा सम्वन्धित शिक्षण संस्थाले निर्देशिकाको बुंदा नं (१९) बमोजिमको प्रकृया पुरा गरी नयां परीक्षार्थी भर्ना गर्नुपर्नेछ । र उक्त परीक्षार्थीले भर्ना हुंदा बुझाएको रकम सम्वन्धित शिक्षण संस्थाले फिर्ता गर्नुपर्नेछ ।**

**२१. परीक्षार्थीले शिक्षालयमा भर्नाका समयमा पेश गर्नुपर्ने आवश्यक कागजातहरुः** (१) पूर्ण शुल्किय तथा छात्रवृत्ति तर्फ भर्नाका लागि सिफारिश गरिएका परीक्षार्थीहरुले तोकिएको मिति र समय भित्र निम्न कागजात सहित भर्नाका लागि सम्बन्धित शिक्षालयमा उपस्थित भई भर्ना हुनु पर्नेछः

(२) पूर्ण शुल्किय तर्फ भर्नाका लागि बुँदा नं. १२ बमोजिमका कागजातको सक्कल र प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ । राहदानी तथा प्रवेशाज्ञा आवश्यक पर्ने विदेशी मुलुकका परीक्षार्थीको हकमा राहदानी तथा प्रवेशाज्ञा एवं अध्ययन अनुमति पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(३) छात्रवृत्ति तथा पूर्ण शुल्किय लक्षित वर्ग तर्फ भर्नाका लागि बुँदा नं. १२ बमोजिमका कागजातको सक्कल र प्रमाणित प्रतिलिपी तथा आफ्नो वर्गको परिचय खुल्ने बुंदा नं. ११ अनुसारका प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि ।

**२२. रजिष्ट्रेशनका लागि आवश्यक कागजातहरुः (१)** प्रत्येक विद्यार्थीहरुले परिषद्, रजिष्ट्रेशनका लागि प.नि.का.ले तोकेको ढाँचाको रजिष्ट्रेशन फाराम भरी आफू अध्ययनरत शिक्षालयमा र सम्बन्धित शिक्षालयले तोकिएको अवधि भित्र परीक्षा नियन्त्रण कार्यालयले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ । सो फाराम साथ निम्न लिखित कागजातहरु समावेश गरेको हुनुपर्दछ ।

क) परीक्षा नियन्त्रण कार्यालयले भर्नाका लागि सिफारिश गरेको नतिजा सूचीको प्रतिलिपी ।

ख) बुँदा नं. १२ बमोजिमका कागजात र #**सक्कल प्रवेशपत्र** ।

ग) छात्रवृत्तिका हकमा क र ख अनुसारका कागजातको अतिरिक्त बुँदा नं. ११ बमोजिमका आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि र सक्कल प्रवेशपत्र ।

---

≈ परीक्षा समितिको मिति २०७८।०४।२५ गतेको निर्णयानुसार पहिलो संशोधनद्वारा थप गरिएको ।

# परीक्षा समितिको मिति २०७८।०४।२५ गतेको निर्णयानुसार पहिलो संशोधनद्वारा संशोधन गरिएको ।

घ) पूर्ण शुल्कियको हकमा प्रवेश पत्रको प्रतिलिपि र छात्रवृत्तिको हकमा सक्कल प्रवेश पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(ङ) अन्य शिक्षालय तथा अन्य कार्यक्रमबाट भर्ना भएका विद्यार्थीहरुको हकमा बुंदा २२(क) का अतिरिक्त विद्यार्थी भर्नाको लागि शिक्षालयले प्रकाशित गरेको सार्वजनिक सूचना र भर्नाको लागि प्रकाशित गरेको योग्यताक्रम अनुसारको नतिजा सूची अनिवार्य समावेस गर्नु पर्नेछ ।

(च) सम्बन्धित शिक्षण संस्थाको मूल दर्ता कितावमा गरिएको दर्ता अभिलेखको प्रमाणित प्रतिलिपी ।

**२३. प्रवेश परीक्षा एवं अन्य शूल्कः** (१) परिषद्संग सम्वन्धित निम्न शुल्कहरु सम्बन्धित संस्थाले प.नि.का.को खाता रहेको राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गर्नु पर्नेछ र जम्मा गरेको भौचरको पछाडीपट्टि जम्मा गर्ने शिक्षालयको नाम र रकमको प्रयोजन स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

**(२) प्रवेश परीक्षा शुल्क (पुर्ण शुल्कीय):** प्रत्येक शिक्षालय/कार्यालयले प्रवेश परीक्षा दस्तुर (परीक्षा दस्तुर र परीक्षा आवेदन फारामको दस्तुर सहित) वापत पूर्ण शुल्किय तर्फ रु. ५००।- प्रति परीक्षार्थीका दरले प्रवेश परीक्षाको आवेदन फाराम दर्ता गर्ने अन्तिम मितिसम्म पर्न आएका आवेदनहरुको एकमुष्ठ रकम प.नि.का.ले तोकेको बैंक खातामा आवेदन फाराम बुझाउने मितिको भोलिपल्टसम्ममा बुझाउनु पर्नेछ । ***साथै शिक्षालयहरुले प्रवेश परीक्षा सम्वन्धी कार्यका लागि बढीमा २०% सम्म थप शुल्क लिन सक्नेछन् ।***

**(३) प्रवेश परीक्षा शुल्क (वर्गिकृत (निःशुल्क) छात्रवृत्ति):** प्रत्येक परीक्षार्थीले प्रवेश परीक्षा दस्तुर (परीक्षा दस्तुर र परीक्षा आवेदन फारामको दस्तुर सहित) वर्गिकृत (निःशुल्क) छात्रवृत्ति तर्फ रु. ५००।- प्रति परीक्षार्थीका दरले प्रवेश परीक्षाको आवेदन फाराम संगै ***इसेवा वा खल्ती वा आई.एम.ई पे*** मार्फत प.नि.का.ले तोकेको बैंक खातामा बुझाउनु पर्नेछ ।

**स्पष्टिकरणः** शिक्षालयले उल्लेखित शुल्कको अतिरिक्त अन्य कुनै पनि शुल्क लिन पाउने छैन । यदि त्यस्तो रकम लिएको प्रमाणित भएमा प्रति परीक्षार्थी रु. १०,०००।- (दस हजार मात्र) का दरले सम्बन्धित परीक्षार्थीलाई हर्जाना तिर्नुपर्नेछ । हर्जाना बापतको रकम नतिरेमा प्रचलित कानुन बमोजिम सजाय हुनेछ ।

(४) **सूचना प्रकाशन शुल्कः** प्रत्येक शिक्षालयले भर्ना तथा आवेदन फाराम माग सम्बन्धी पत्रिकामा प्रकाशित सूचनाको दस्तुर वापत प्रति कार्यक्रम तोकिएको दरले र एकै शिक्षालयमा एक भन्दा बढी कार्यक्रम संचालन भएको खण्डमा प्रति थप कार्यक्रम वापत तोकिएका दरले सूचना प्रकाशन शुल्क बुझाउनु पर्नेछ ।

सम्बन्धित शिक्षालयले बुँदा नं. २३ (१) र (४) बमोजिमको एकमुष्ठ रकमको बैंक भौचर तथा परीक्षार्थीको आवेदन फाराम, प्रमाणित समष्टिगत फाराम शिक्षालयको पत्रसाथ सम्वन्धित परिषद्को प्रदेश कार्यालयमा वुझाउनु पर्नेछ ।

सम्बन्धित शिक्षालयबाट बुझिलिएको आवश्यक भौचर एवं आवश्यक कागजातहरु सम्वन्धित परिषद्, प्रदेश कार्यालयको लेखा शाखाबाट नगदी रसिद अनिवार्य रुपमा कटाई सो को सक्कल प्रति लेखा शाखामा अनिवार्य रुपमा बुझाउनु पर्नेछ । अन्यथा सम्वन्धित शिक्षालयको नतिजा प्रकाशन गरिने छैन ।

(५) **अन्य शुल्कः** अन्य शुल्कको हकमा प्रा. शि. तथा व्या. ता. परिषद्को आर्थिक प्रशासन सम्वन्धी विनियमावली २०६२ (संशोधन सहित) र परीक्षा सम्बन्धी विनियमावली २०७१ (शंसोधन सहित) अनुसार हुनेछ ।

(६) शिक्षालयहरुले बिद्यार्थीहरुसंग आर्थिक कारोवार गर्दा अनिवार्य रुपमा बैंक मार्फत गर्नुपर्नेछ ।

(७) प्रवेश परीक्षाका परीक्षार्थीहरुको संख्या यकिन गरेर मात्र तोकिए अनुसारको रकम बैंक दाखिला गर्नुपर्नेछ । अन्यथा रकम फिर्ता वा मिलान गरिने छैन ।

#२४.क. **भर्ना सम्बन्धी बिशेष व्यवस्था (पुर्ण शुल्कीय तर्फ) :**

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को प्रभावका कारण धेरै संख्यामा विद्यार्थीहरु एकै ठाउमा उपस्थित भै प्रवेश परीक्षा लगायतका कार्यक्रम संचालन गर्न परिस्थिति अनुकुल नदेखिएकोले शैक्षिक सत्र २०७८।०७९ को लागि मात्र **पूर्णशुल्किय तर्फको** विद्यार्थी भर्ना प्रकृया निम्नानुसार कायम गरिएको छ ।

(१) परिषद्, परीक्षा नियन्त्रण कार्यालयबाट आवेदन फाराम भर्नको लागि सूचना प्रकाशित गरे पछि–यस निर्देशिकामा तोकिए अनुसार न्यूनतम योग्यता पुगेका आवेदकहरुबाट सम्बन्धित शिक्षालयले आवेदन फाराम संकलन गर्ने ।

(२) सम्बन्धित शिक्षालयले सूचनामा तोकिएको अवधि भित्र आवेदन फारामहरुलाई प.नि.का.ले उपलब्ध गराएको ITMS अनलाइनमा इन्ट्री गर्ने । अनलाइन इन्ट्री परीक्षा नियन्त्रण कार्यालयबाट स्वीकृत भएपछि परीक्षार्थीको भर्ना अनुमती नम्बर कायम गरिनेछ ।

(३) प्रत्येक शिक्षालयले यस निर्देशिकाको **बुंदा नं. १९(१)** अनुसारको उप समिति गठन गरी उप समितिले तोकिएको मिति भित्र आवेदन फाराम भरी अनलाइन आवेदन फाराम इन्ट्री भएका परीक्षार्थीहरु मध्येबाट प्रवेशिका परीक्षा वा एस.ई.ई. मा प्राप्त गरेको प्राप्ताङ्क अनुसार उच्चतम अङ्क अनुसार योग्यताक्रम निर्धारण गरी भर्ना अनुमती नम्बर सहितको मुख्य उम्मेदवार र उत्तीर्ण सूची तयार गर्नुपर्नेछ । यसरी सूची तयार गर्दा प्राप्ताङ्क बराबर भएमा निम्नानुसार कायम गर्नुपर्नेछ ।

(क) प्रवेशिका परीक्षा वा एस.ई.ई. को प्राप्ताङ्क बराबर भएमा अनिवार्य गणितको उच्चतम अङ्क/ग्रेड/ग्रेडप्वाइण्ट प्राप्त गर्नेलाई पहिलो प्राथमिकतामा राख्ने ।

(ख) अनिवार्य गणितको उच्चतम अङ्क/ग्रेड/ग्रेडप्वाइण्ट पनि बराबर भएमा क्रमसः अनिवार्य विज्ञान र अनिवार्य अंग्रेजीमा प्राप्त गरेको उच्चतम अङ्क/ग्रेड/ग्रेडप्वाइण्टको आधारमा योग्यता सूची निर्धारण गर्ने ।

(ग) माथी बुँदा (क) र (ख) अनुसार पनि अङ्क बराबर भएमा क्रमसः सामुदायिक विद्यालयमा अध्ययन गरेको, एकल महिला, महिला, दलित, आदिवासी/जनजाती, मुस्लिम, मधेसी, पिछडिएको दुर्गम क्षेत्रको आधारमा योग्यताक्रम सूची तयार गर्ने ।

(घ) प्रि-डिप्लोमा तहको भर्ना सम्वन्धी निर्देशिकाको बुंदा नं २४ (३) (क), (ख) र (ग) समेतबाट अन्तिम छनौट हुने परीक्षार्थीको योग्यताक्रम जुधेमा त्यस्ता परीक्षार्थीहरुको कक्षा ८ को जिल्ला/पालिका स्तरीय परीक्षाको लव्धांक पत्र माग गरी उच्चतम अंक प्राप्त परीक्षार्थीलाई पहिलो योग्यताक्रम निर्धारण गर्ने । कक्षा ८ को प्राप्तांक समेत बराबर भएको अवस्थामा क्रमशः गणित, बिज्ञान र अंग्रेजी बिषयमा प्राप्त गरेको अंकका आधारमा योग्यताक्रम निर्धारण गर्ने । यसरी पनि अंक बराबर भएमा आवेदकको जन्म मितिको आधारमा जेष्ठता कायम गरी योग्यताक्रम सूची तयार गर्ने ।

(४) योग्यताक्रम अनुसार नतिजा तयार गरी शिक्षालय रहेको प्रदेश अन्तर्गतको परिषद्, प्रदेश कार्यालय र परीक्षा नियन्त्रण कार्यालयमा नतिजा प्रकाशन भएको मितिले बढीमा एक हप्ता भित्र पठाउनु पर्नेछ ।

(५) तयारी नतिजा सम्बन्धित शिक्षालयको वेबसाइट तथा सूचना पाटीमा र सम्बन्धित पालिका कार्यालय तथा वडा कार्यालयको सूचना पाटीमा अनिवार्य टाँस गर्नुपर्नेछ ।

(६) तोकिएको समय भित्र अनलाइन आवेदन फाराम नभरेका परीक्षार्थीहरुलाई भर्ना गर्न पाइने छैन । यदि तोकिएको समय भित्र अनलाइन आवेदन फाराम नभरेका परीक्षार्थीहरु भर्ना गरेमा त्यस्ता विद्यार्थीको रजिष्ट्रेशन गरिने छैन र सो को सम्पूर्ण जिम्मेवारी सम्बन्धित शिक्षालयका प्राचार्यको हुनेछ ।

(७) शिक्षालयले भर्ना प्रकृया बापत परीक्षा समितिले तोके अनुसारको शुल्क लिनु पर्नेछ ।

(८) शिक्षालयले बुंदा नं २४ (९) बमोजिम परीक्षा समितिले तोके अनुसारको शुल्क र परीक्षा सम्वन्धी बिनियमावली, २०७१ मा तोकिएका अन्य शुल्क वापतको एकमुष्ट रकम आवेदन फाराम बुझाउने अन्तिम मितिको भोलीपल्ट सम्बन्धित परिषद्, प्रदेश कार्यालयको बैंक खातामा जम्मा गरि सक्नुपर्नेछ ।

(९) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अर्न्तगतका शिक्षण संस्थाहरुमा शैक्षिक सत्र २०७८/२०७९ का लागि प्रि-डिप्लोमा तहको बिभिन्न कार्यक्रमहरुको **पुर्ण शुल्किय** कोटाहरुमा भर्नाका लागि कोभिड १९ को संक्रमणका कारण विगत बर्षहरुमा जस्तो प्रवेश परीक्षा संचालन गर्न जोखिम देखिएता पनि आवेदन फाराम संकलन, अनलाइन इन्ट्रि, अनलाइन फाराम भेरीफिकेशन, भर्ना अनुमति पत्र जारी, नतिजा तयारी, नतिजा भेरीफिकेशन तथा नतिजा प्रकाशन लगायतका भर्ना प्रकृया सम्बन्धी कार्यहरु सम्पादन गर्न पर्ने भएकोले बिगत बर्षहरुमा लिंदै आएको प्रवेश परीक्षा शुल्क

# परीक्षा समितिको मिति २०७८।०४।२५ गतेको निर्णयानुसार पहिलो संशोधनद्वारा संशोधन गरिएको

परिमार्जन गरी यस शैक्षिक सत्रका लागि मात्र लागु हुने गरी तपसिल अनुसारको भर्ना प्रकृया शुल्क निर्धारण गर्ने ।

तपसिल :

**क) पुर्ण शुल्कीय**

| सि.नं | तह | बिगतमा कायम रहेको प्रवेश परीक्षा शुल्क रु. | यस बर्षको भर्ना प्रकृया शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १. | प्रि-डिप्लोमा तह | ५००। | ३००। | |

**#२४.ख भर्ना सम्बन्धी बिशेष व्यवस्था (बर्गीकृत (निःशुल्क) छात्रबृत्ति तर्फ):**

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को प्रभावका कारण धेरै संख्यामा विद्यार्थीहरु एकै ठाउमा उपस्थित भै प्रवेश परीक्षा लगायतका कार्यक्रम संचालन गर्न परिस्थिति अनुकुल नदेखिएकोले शैक्षिक सत्र २०७८।०७९ को लागि मात्र **बर्गीकृत (निःशुल्क) छात्रबृत्ति तर्फको** विद्यार्थी भर्ना प्रकृया निम्नानुसार कायम गरिएको छ ।

(१) परीक्षा नियन्त्रण कार्यालयबाट आवेदन फाराम भर्नको लागि सूचना प्रकाशित गरे पछि–यस निर्देशिकामा तोकिए अनुसार न्यूनतम योग्यता पुगेका आवेदकहरुले मुलुकभरीको कुनै एक प्रदेशको एउटा कार्यक्रममा मात्र आवेदन फाराम भर्न पाइनेछ । एक भन्दा बढी प्रदेश वा कार्यक्रममा आवेदन फाराम भरेको पाइएमा स्वतः रद्ध हुनेछ । परीक्षा नियन्त्रण कार्यालयले www.ctevtexam.org.np मा उपलब्ध गराएको ITMS मा online application फाराम आवेदकले भर्नुपर्नेछ । Online application form भर्ने तरीका र दस्तुर बुझाउने तरीका परीक्षा नियन्त्रण कार्यालयले सूचनामा प्रकाशित गरे बमोजिम हुनेछ ।

(२) अनलाइन इन्ट्री परीक्षा नियन्त्रण कार्यालयबाट स्वीकृत भएपछि परीक्षार्थीको भर्ना अनुमती नम्बर कायम हुनेछ ।

(३) सम्वन्धित परिषद्, प्रदेश कार्यालयले यस निर्देशिकाको **बुंदा नं. १५** अनुसारको उप समिति गठन गरी उप समितिले तोकिएको मिति भित्र आवेदन फाराम भरी अनलाइन आवेदन फाराम इन्ट्री भएका परीक्षार्थीहरु मध्येबाट प्रवेशिका परीक्षा वा एस.ई.ई. मा प्राप्त गरेको प्राप्ताङ्क अनुसार उच्चतम अङ्क अनुसार योग्यताक्रम निर्धारण गरी भर्ना अनुमती नम्बर सहितको मुख्य उम्मेदवार र उतिर्ण सूची तयार गर्नुपर्नेछ । यसरी सूची तयार गर्दा प्राप्ताङ्क बराबर भएमा निम्नानुसार कायम गर्नुपर्नेछ ।

(क) उप समितिले तोकिएको मिति भित्र आवेदन फाराम भरी अनलाइन आवेदन फाराम इन्ट्री भएका परीक्षार्थीहरु मध्येबाट नेपालको सरकारी/सामुदायिक बिद्यालयबाट प्रवेशिका परीक्षा वा एस.ई.ई. तहमा प्राप्त गरेको प्राप्ताङ्कलाई ६० अंक भार गणना गर्ने र नेपालको सरकारी/सामुदायिक बिद्यालयबाट कक्षा ८ को जिल्ला/पालिका स्तरीय परीक्षाको लव्धांक पत्रलाई समेत समावेश गरी ४० अंकभार प्रदान गर्ने । दुवैको योगफल १०० कायम गरी योग्यताक्रम अनुसार नतिजा प्रकाशन गरिनेछ । निजी बिद्यालयबाट कक्षा ८ अध्ययन गरेको आवेदकको हकमा ४० अंक भार गणना नगरी प्रवेशिका/एस.ई.ई परीक्षाको ६० अंक भार मात्र मूल्यांकन गरिनेछ ।

(ख) प्रवेशिका परीक्षा वा एस.ई.ई. को प्राप्ताङ्क बराबर भएमा अनिवार्य गणितको उच्चतम अङ्क/ग्रेड/ग्रेडप्वाइण्ट प्राप्त गर्नेलाई पहिलो प्राथमिकतामा राख्ने ।

(ग) अनिवार्य गणितको उच्चतम अङ्क/ग्रेड/ग्रेडप्वाइण्ट पनि बराबर भएमा क्रमसः अनिवार्य विज्ञान र अनिवार्य अंग्रेजीमा प्राप्त गरेको उच्चतम अङ्क/ग्रेड/ग्रेडप्वाइण्टको आधारमा योग्यता सूची निर्धारण गर्ने ।

(घ) माथी बुँदा (क), (ख) र (ग) अनुसार पनि अङ्क बराबर भएमा क्रमसः एकल महिला, महिला, दलित, आदिवासी/जनजाती, मुस्लिम, मधेसी, पिछडिएको दुर्गम क्षेत्रको आधारमा योग्यताक्रम सूची तयार गर्ने ।

(ङ) प्रि-डिप्लोमा तहको भर्ना सम्वन्धी निर्देशिकाको बुंदा नं २४ (३) (क), (ख), (ग) र (घ) समेतबाट अन्तिम अन्तिम छनौट हुने परीक्षार्थीको योग्यताकम जुधेमा त्यस्ता परीक्षार्थीहरुको कक्षा ८ को जिल्ला/पालिका स्तरीय परीक्षाको लव्धांक पत्रमा उच्चतम अंक प्राप्त परीक्षार्थीलाई पहिलो योग्यताक्रम निर्धारण गर्ने । कक्षा ८ को प्राप्तांक समेत बराबर भएको अवस्थामा क्रमशः गणित, बिज्ञान र अंग्रेजी बिषयमा प्राप्त गरेको अंकका आधारमा योग्यताकम निर्धारण गर्ने । यसरी पनि अंक बराबर भएमा आवेदकको जन्म मितिको आधारमा जेष्ठता कायम गरी योग्यताकम सूची तयार गर्ने ।

# परीक्षा समितिको मिति २०७८।०४।२५ गतेको निर्णयानुसार पहिलो संशोधनद्वारा संशोधन गरिएको

(च) शैक्षिक शत्र २०७८/०७९ को प्रि-डिप्लोमा तहका बिभिन्न कार्यक्रमहरुमा भर्ना प्रकृयाका सम्बन्धमा परिषद्, प्रदेश कार्यालयहरुले देहाय अनुसार गर्ने ।

(अ) नतिजा प्रकाशन कार्यका लागि परिषद परिषद् प्रदेश कार्यालयमा बिद्यार्थी संख्याको अनुपातका आधारमा मितव्ययी कार्यटोली गठन गर्ने ।

(आ) कार्यटोलीलाई परिषद्, प्रदेश कार्यालयमा रहेको उप-समितिको निर्णयानुसार परीक्षा सम्वन्धी बिनियमावली, प्रि-डिप्लोमा तहको भर्ना सम्वन्धी निर्देशिका २०७७ (पहिले संशोधन) का प्रावधानहरु अनुरुप कार्यविवरण सहितको जिम्मेवारी तोक्ने ।

(इ) आंगिक, साझेदारी, सामुदायिक बिद्यालय, निजी स्तरमा संचालित शिक्षण संस्थाको स्वीकृत कोटाको आधारमा परीक्षार्थीले पेश गरेका कागजात, शिक्षण संस्थामा रहेको नतिजा तयारी उप-समितिले तयार गरी पेश हुन आएको नतिजा रुजु गर्ने फरक परेमा पुनरावलोकन गर्न लगाउने ।

(ई) परीक्षा नियन्त्रण कार्यालयको वेभसाइटमा राखिएको नतिजा तयार गर्ने फाराम ढांचा प्रयोग गरी कोटा अनुसार नतिजा तयार गर्न लगाई छुट्याईएको कोटामा उत्तीर्ण सूचीमा राखिदिने ।

(उ)नतिजा प्रकाशनको काम अति गोप्य एवं संवेदनशील हुने भएकाले आचारसंहिता बनाई लागू गराउने ।

(ऊ) नतिजा प्रकाशन गर्दा सकेसम्म प्रदेशको एकमुष्ट नतिजा प्रकाशन गर्ने । सम्भव नभएमा कार्यक्रम अनुसारको नतिजा प्रकाशन गर्ने । नतिजा प्रकाशनको काममा खटिएको कार्यटोलीले अतिरिक्त पारिश्रमिक प्राप्त गर्ने हुंदा नतिजा प्रकाशनको काम अधिकतम समय कार्य गर्न सक्ने कर्मचारी छनौट गरी छिटो छरितो त्रुटि रहित नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

(ए) अन्तिम नतिजा प्रकाशन गरी तुरुन्त परिषद्, प्रदेश कार्यालय, प.नि.का र परिषद्को वेभसाइटमा अपलोड गराउने व्यवस्था मिलाउने । साथै सूचना प्रवाहका लागि कार्यक्रम अनुसार भर्नाका लागि दिएको शिक्षण संस्था आवेदक संख्या (महिला पुरुष) र सिफारिश संख्या (महिला पुरुष) अनुसार विवरण प्रतिवेदन बनाई परीक्षा नियन्त्रण कार्यालयमा पठाउने व्यवस्था गर्ने ।

(ऐ) सरोकारवालाहरुबाट नतिजा सम्वन्धी गुनासो केही आएमा सो को सम्बोधन गर्ने ।

(ओ) अन्तिम नतिजा प्रकाशन भएको कार्यटोलीको निर्णय पुस्तिका, कागजातहरु, गोप्य शिलवन्दी गरी सुरक्षित राख्ने र भर्ना प्रकृया समाप्त भएपछि प्रमाणित प्रतिलिपी अभिलेख राखी रजिष्ट्रेशन प्रयोजनका लागि परीक्षा नियन्त्रण कार्यालयमा पठाउने ।

(४) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अर्न्तगतका शिक्षण संस्थाहरुमा शैक्षिक सत्र २०७८/२०७९ का लागि प्रि-डिप्लोमा तहको बिभिन्न कार्यक्रमहरुको **बर्गीकृत (निःशुल्क) छात्रबृत्ति** कोटाहरुमा भर्नाका लागि कोभिड १९ को संक्रमणका कारण विगत बर्षहरुमा जस्तो प्रवेश परीक्षा संचालन गर्न जोखिम देखिएता पनि आवेदन फाराम संकलन, अनलाइन इन्ट्रि, अनलाइन फाराम भेरीफिकेशन, भर्ना अनुमति पत्र जारी, नतिजा तयारी, नतिजा भेरीफिकेशन तथा नतिजा प्रकाशन लगायतका भर्ना प्रकृया सम्बन्धी कार्यहरु सम्पादन गर्न पर्ने भएकोले बिगत बर्षहरुमा लिंदै आएको प्रवेश परीक्षा शुल्क परिमार्जन गरी यस शैक्षिक सत्रका लागि मात्र लागु हुने तपसिल अनुसारको भर्ना प्रकृया शुल्क निर्धारण गर्ने ।

तपसिल :

**क) बर्गीकृत (निःशुल्क) छात्रबृत्ति :**

| सि.नं | तह | बिगतमा कायम रहेको प्रवेश परीक्षा शुल्क रु. | यस बर्षको भर्ना प्रकृया शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १. | प्रि-डिप्लोमा तह | ५००। | ३००। | |

≈(५) प्रि–डिप्लोमा तहको छात्रबृत्ति तर्फको विद्यार्थी छनौट प्रकृया

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को प्रभावका कारण धेरै संख्यामा विद्यार्थीहरु एकै ठाउमा उपस्थित भै प्रवेश परीक्षा लगायतका कार्यक्रम संचालन गर्न परिस्थिति अनुकुल नदेखिएकोले शैक्षिक सत्र २०७८।०७९ को लागि मात्र छात्रबृत्ति तर्फको विद्यार्थी छनौट प्रकृया निम्नानुसार कायम गरिएको छ ।

क) सूचनामा तोकिएको समय भित्र रितपूर्वकको अनलाईन आवेदन फाराम भरेका आवेदकहरुलाई मात्र छनौट प्रकृयामा समावेश गराई प्रादेशिक स्तरमा प्रतिस्पर्धा गराइनेछ ।

---

≈ परीक्षा समितिको मिति २०७८।०४।२५ गतेको निर्णयानुसार पहिलो संशोधनद्वारा थप गरिएको

ख) अनलाइनमा भरेको आवेदन परीक्षा नियन्त्रण कार्यालयबाट स्वीकृत भएपछि परीक्षार्थीको भर्ना अनुमती नम्बर कायम हुनेछ ।

ग) प्रि–डिप्लोमा तहको छात्रबृत्ति तर्फको सबै कार्यक्रमहरुको नतिजा तयारी, सिफारिस तथा प्रकाशन गर्न प्रत्येक प्रदेश कार्यालयमा देहाय बमोजिमको उप समिति गठन गरिनेछ ।

अ) परिषद्को प्रदेश कार्यालय प्रमुख -संयोजक

आ) सम्वन्धित प्रदेशको सामाजिक बिकास मन्त्रालयले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि -सदस्य

इ) सम्वन्धित प्रदेशका परिषद् कार्यालय प्रमुखले तोकेको अधिकृतको स्तरको कर्मचारी -सदस्य सचिव

घ) परिषद् प्रदेश कार्यालयमा गठित उप-समितिले नतिजा प्रकाशन सम्वन्धी कार्य गर्न मितव्ययी रुपमा कार्यटोली गठन गर्न सक्नेछ ।

ङ)उप समितिले तोकिएको मितिभित्र रितपूर्वकको अनलाइन आवेदन फाराम इन्ट्री भएका परीक्षार्थीहरु मध्येबाट निम्नानुसार योग्यताक्रम निर्धारण गर्ने ।

अ) प्रवेशिका परीक्षा वा एस.ई.ई. मा प्राप्त गरेको प्राप्ताङ्कलाई ६० प्रतिशत अंकभार प्रदान गर्ने ।

आ) कक्षा ८ को जिल्ला/पालिका स्तरीय परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कलाई ४० प्रतिशत अंकभार प्रदान गर्ने । निजी बिद्यालयबाट कक्षा ८ अध्ययन गरेको आवेदकको हकमा ४० अंक भार गणना नगरी प्रवेशिका/एस.ई.ई परीक्षाको ६० अंक भार मात्र मूल्यांकन गरिनेछ ।

इ) बुंदा (अ) र (आ) मा प्राप्त गरेको अंकलाई जोडी उच्चतम अङ्कअनुसार योग्यताक्रम निर्धारण गरी भर्ना अनुमती नम्बर सहितको मुख्य उम्मेदवार, वैकल्पिक उम्मेदवार र उत्तीर्ण सूची तयार गर्ने । प्राप्ताङ्क तयार गर्ने तरिका यस प्रकार हुनेछः

**उदाहरणः** कुनै बिद्यार्थीले एस.ई.ई.मा जि.पि.ए. २.८५ र कक्षा ८ मा जि.पि.ए. ३.० प्राप्त गरेको छ भने सो को प्राप्ताङ्क यस प्रकार हुनेछः

(१) एस.ई.ई. को प्राप्ताङ्क निकाल्ने तरिका : जि.पि.ए. X २३.७५ = २.८५ X २३.७५ = ६७.६९/१००X ६० = ४०.६१

(२) कक्षा ८ को प्राप्ताङ्क निकाल्ने तरिका : जि.पि.ए. X २३.७५ = ३.० X २३.७५ =७१.२५/१००X ४० = २८.५०

(३) जम्मा प्राप्ताङ्क= ४०.६१+२८.५०= ६९.११

यसरी सूची तयार गर्दा प्राप्ताङ्क बराबर भएमा निम्नानुसार कायम गर्ने ।

ई) बुंदा (इ) अनुसारको प्राप्ताङ्क पनि बराबर भएमा एस.एल.सी. वा एस.ई.ई. को अनिवार्य गणितको उच्चतम अङ्क/ग्रेड/ग्रेडप्वाइण्ट प्राप्त गर्नेलाई पहिलो प्राथमिकतामा राख्ने ।

उ) बुंदा (ई) अनुसारको अङ्क पनि बराबर भएमा क्रमशः एस.एल.सी. वा एस.ई.ई. को अनिवार्य विज्ञान, अनिवार्य अंग्रेजीमा प्राप्त गरेको उच्चतम अङ्क/ग्रेड/ग्रेड प्वाइण्टको आधारमा योग्यता सूची निर्धारण गर्ने ।

ऊ) बुंदा (उ) अनुसार पनि अङ्क बराबर भएमा सोही समूह भित्रका क्रमशः एकल महिला, महिला, दलित, आदिवासी/जनजाती, मुस्लिम, मधेसी, पिछडिएको दुर्गम क्षेत्रको आधारमा योग्यताक्रम सूची तयार गर्ने ।

ए) बुंदा (ए) अनुसार पनि अंक बराबर भएमा आवेदकको जन्म मितिको आधारमा जेष्ठता कायम गरी योग्यताक्रम सूची तयार गर्ने ।

च) सम्वन्धित परिषद्, प्रदेश कार्यालयले उपरोक्त बिधिबाट नतिजा तयार गरी उच्चतम अङ्कको आधारमा आवेदकले प्राथमिकिकरण गरेको शिक्षालय अनुसार नतिजा प्रकाशन गरी भर्नाको लागि सिफारिस गर्ने साथै प्रदेश कार्यालय र परिषदको वेवसाइटमा प्रकाशन गर्ने ।

**२५. खारेजी र बचाऊः** (१) यस निर्देशिकामा भएका कुराहरु यसै निर्देशिका वमोजिम र निर्देशिकामा नभएका कुराहरु परिषद्को ऐन, नियम, विनियम तथा परीक्षा समितिको निर्णय बमोजिम हुनेछ ।

(२) यस निर्देशिकामा व्यवस्था गरिएका कुराहरु परिषद्को ऐन, नियम तथा विनियमसंग बाझीन गएमा बाझीएको हदसम्म अमान्य हुनेछ ।

(३) यस निर्देशिकामा कुनै बुँदा अस्पष्ट भएमा व्याख्या गर्ने अधिकार परीक्षा समितिलाई हुनेछ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर

**अनुसूची-१**
**पूर्णशुल्किय तर्फको अनलाइन आवेदन फाराम भर्नको लागि निर्देशन**

Council for Technical Education and Vocational Training

# Office of The Controller of Examinations

Sanothimi, Bhaktapur

## Web Based Online Integrated Training Management System (ITMS)

# User Manual

(Paying Entrance Application Form Online Data Entry for Institute)

1. Open Google Chrome Browser
2. Type Address Bar on [www.ctevt.org.np](http://www.ctevt.org.np)




3. Go to **Online System** and Click On --→ Integrated Training Management System (ITMS)



4. Click on Integrated Training Management System (ITMS) and Enter User and Password then Click Login



5. Login Page



6. Click on Entrance Tab




7. Click on + New Application Form



Application No. = ((216) Institute Code + (06) Program Code + 01) = 2160601 (Example)
(for Program Code in Last Page)

8. Fill up all Requirement then Click on Continue



9. Fill up Step 2 then Click on Continue



9. Fill up Step 3 then Click on Continue



9. Fill up Step 4 then Click on Continue



9. Fill up Step 5 then Click on Print



10. Click on Go to Application form



# 11. Final Status of Your Form Fill up




## Pre-Diploma Level Program Name and Code No.: -

| S.N. | Pre-Diploma Program Name | Program Code |
|---|---|---|
| 1 | Pre-Diploma in Civil Engineering | 01 |
| 2 | Pre-Diploma in Auxiliary Nursing Midwifery | 02 |
| 3 | Pre-Diploma in Community Medicine Assistant | 03 |
| 4 | Pre-Diploma in Ayurveda | 04 |
| 5 | Pre-Diploma in Survey Engineering | 05 |
| 6 | Pre-Diploma in Mechanical Engineering | 06 |
| 7 | Pre-Diploma in Automobile Engineering | 07 |
| 8 | Pre-Diploma in Computer Engineering | 08 |
| 9 | Pre-Diploma in Electrical Engineering | 09 |
| 10 | Pre-Diploma in Medical Lab Assistant | 10 |
| 11 | Pre-Diploma in Water Supply & Sanitary Engineering | 11 |
| 12 | Pre-Diploma in Hotel Management | 12 |
| 13 | Pre-Diploma in Culinary Arts | 13 |
| 14 | Pre-Diploma in Agriculture/Plant Science | 14 |
| 15 | Pre-Diploma in Veterinary Science | 15 |
| 16 | Pre-Diploma in Refrigeration & AC Engineering | 16 |
| 17 | Pre-Diploma in Entrepreneurship Development | 17 |
| 18 | Pre-Diploma in Computer Application & Secretarial Management | 18 |
| 19 | Pre-Diploma in Social Mobilization | 19 |
| 20 | Pre-Diploma in Livestock Production/Animal Health | 21 |
| 21 | Pre-Diploma in Electronics Engineering | 23 |

अनुसूची-२

बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति तर्फको अनलाईन आवेदन फाराम भर्नको लागि निर्देशन

Council for Technical Education and Vocational Training

# Office of The Controller of Examinations

Sanothimi, Bhaktapur

## Web Based Online Classified Scholarship Entrance Form Submissions [Diploma/PCL and Pre-Diploma (TSLC)]

# User Manual

**(Classified Scholarship Entrance Application Form Online Data Entry for Student)**

1. Open Google Chrome Browser
2. Type Address Bar on www.ctevt.org.np




3. Go to **Quick Links** and Click On --→ Classified Entrance Form




4. Click on Classified Scholarship Online System and Select Application Type Then Click New User



5. Pre-Payment Details Page then Fill-up all Requirements and Click Proceed to Payment




6. Please Select Payment Method and Enter Payment Details and Click Proceed




7. Create New Password then Click Change Password




(for Existing User to Next Time Logging Your Mobile No. and Password)

8. Fill up all Requirement then Click on Continue




9. Select Quota and Upload Required Document Then Click on Continue



9. Desired Province, Program, Exam Center and Select all Desired Institute in Priority Order then Click on Continue



9. Final Step Preview All Fill-up Contains Then Click on Print Details or Print Admit card



## 9. Sample of Print Admit Card


COUNCIL FOR TECHNICAL EDUCATION AND VOCATIONAL TRAINING
OFFICE OF THE CONTROLLER OF EXAMINATION
SANOTHIMI, BHAKTAPUR
Diploma / PCL Level
CLASSIFIED SCHOLARSHIP ENTRANCE ADMIT CARD - 2077

| Form Fillup Qouta |
| --- |
| Open |
| Pichadiyeko Durgam Kshetra |
| Dalit |
| Arthik Bipanna |

Symbol Number: 7020265
Name: **Shreeram Kumar Nepali**
Exam Center: DHANGADHI
Program: CIVIL ENGINEERING (02)
Institution Code : 0702
Qouta of Province : **Sudur Paschim**

Applicant Signature

**प्रवेश परीक्षामा परीक्षार्थीहरुले पालना गर्नुपर्ने नियमहरु**

### Pre-Diploma (TSLC) Program Name and Code No.: -

| S.No. | Pre-Diploma Program Name | Program Code |
| --- | --- | --- |
| 1. | Pre-Diploma in Civil Engineering | 01 |
| 2. | Pre-Diploma in Auxiliary Nursing Midwifery | 02 |
| 3. | Pre-Diploma in Community Medicine Assistant | 03 |
| 4. | Pre-Diploma in Ayurveda | 04 |
| 5. | Pre-Diploma in Survey Engineering | 05 |
| 6. | Pre-Diploma in Mechanical Engineering | 06 |
| 7. | Pre-Diploma in Automobile Engineering | 07 |
| 8. | Pre-Diploma in Computer Engineering | 08 |
| 9. | Pre-Diploma in Electrical Engineering | 09 |
| 10. | Pre-Diploma in Medical Lab Assistant | 10 |
| 11. | Pre-Diploma in Water Supply & Sanitary Engineering | 11 |
| 12. | Pre-Diploma in Hotel Management | 12 |
| 13. | Pre-Diploma in Culinary Arts | 13 |
| 14. | Pre-Diploma in Agriculture/Plant Science | 14 |
| 15. | Pre-Diploma in Veterinary Science | 15 |
| 16. | Pre-Diploma in Refrigeration & AC Engineering | 16 |
| 17. | Pre-Diploma in Entrepreneurship Development | 17 |
| 18. | Pre-Diploma in Computer Application & Secretarial Management | 18 |
| 19. | Pre-Diploma in Social Mobilization | 19 |
| 20. | Pre-Diploma in Livestock Production/Animal Health | 21 |
| 21. | Pre-Diploma in Electronics Engineering | 23 |

*Thank You*

**अनुसूची-३**

| दलित वर्गमा सूचीकृत जात-जातीहरुको विवरण | | | |
|---|---|---|---|
| १.गन्धर्व (गाइने) | ८. कलर | १५. डोम | २२. मेस्तर |
| २. परियार | ९. ककैहिया | १६. तत्मा | २३. सरभङ्ग |
| ३. बादी | १०. कोरी | १७. दुसाध | २४. नटुवा |
| ४. विश्वकर्मा | ११. खटिक | १८. धोवी | २५. ढाँडी |
| ५. मिजार | १२. खत्वे | १९. पासी | २६. धरिकर |
| ६. पोडे | १३. चमार | २०. बाँतर | |
| ७. च्यामे | १४. चिडिमार | २१. मुसहर | |

**अनुसूची-४**

| आदिवासी जनजातीवर्गमा सूचीकृत जात-जातीहरुको विवरण | | | | |
|---|---|---|---|---|
| क समूह | ख समूह | ग समूह | घ समूह | ङ समूह |
| १. राउटे, | १. माझी, | १. सुनुवार, | १. मगर, | १. थकाली, |
| २. कुसुण्डा, | २. ल्होमी, | २. थारु, | २. राई, | २. नेवार |
| ३. वनकरिया, | ३. थुदाम, | ३. तामाङ, | ३. लिम्बु, | |
| ४. सुरेल, | ४. धानुक, | ४. भुजेल, | ४. गुरुङ्ग, | |
| ५. हायू, | ५. झाँगड, | ५. कुमाल, | ५. बाह्गाउँले थकाली, | |
| ६. राजी, | ६. चेपाङ, | ६, राजवंशी | ६. मार्फाली थकाली | |
| ७. किसान | ७. सतार, | ७. गन्गाई, | ७. छैरोतन | |
| ८. लेप्चा, | ८. थामी, | ८. धिमाल, | ८. शेर्पा | |
| ९. मेचे, | ९. वोटे | ९. भोटे, | ९. तांवे | |
| १०. कुशबडिया | १०. दनुवार, | १०. दराई, | १०.तीन गाउँले थकाली | |
| | ११. सियार, | ११. ताजपुरिया, १२. पहरी, | ११. याक्खा | |
| | १२. बरामु | १३, तोक्पेगोला, १४. डोल्पो | १२.छन्त्याल | |
| | | १५. फ्रि, | १३. जिरेल | |
| | | १६. मुगाल, | १४. व्याँसी | |
| | | १७. लार्के, | १५. ह्योल्मो | |
| | | १८. वालुङ | | |
| | | १९. ल्होपा, | | |
| | | २०. दुरा | | |

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर

**अनुसूची-५**

**(बुँदा नं. १० को (३) संग सम्बन्धित नमूना प्रश्नपत्र)**

# प्रि-डिप्लोमा तहको प्रवेश परीक्षाको नमूना प्रश्न-पत्र

**English (20)**

1. Rara lake in Mugu district is ………… largest lake in Nepal.
a) a b) an c) the d) none

2. It isn't very cold today,………………?
a) is it b) isn't it c) has it d) will it

3. There are six books in the bag, aren't ……………..?
a) the b) it c) there d) he

4. We ......................were wonderstruck.
a) ourself b) ourselves c) themself d) themself

5. Hemant is …………………than his friend?
a) lazy b) lazier c) laziest d) most lazy

6. She has got ............. hair.
a) Beautiful b) more beautiful c) most beautiful d) less beautiful

7. Are you thinking of...............Lumbini.
a) visit b) visiting c) to visiting d) will visiting

8. He ………….. drive a car.
a) has b) can c) was d) drove

9. I think he ………next week.
a) returning b) will return c) returned d) have returned

10. That's the book which......................
a) stole b) was stolen c) steal d) stealing

11. They …………. him in to the hospital.
a) were carried b) carried c) carries d) carrying

12. Who ……………….. the telegraph ?
a) invented b) was invented c) were invented d) are invented

13. We sleep.............night.
a) at b) in c) for d) on

14. We have lived there ................three years.
a) for b) since c) in d) at

15. ................. Saran lost his way twice, he arrived safely.
a) although b) despite c) in spite of d) however

16. The indirect form of "He said, "I've bought this book."
a) He said he had bought that book. b) He said that he bought the book.
c) He said that I have this book. d) He told that he buy this book.

17. The synonym of 'beautiful' is ....…………
a) ugly b) attractive c) demon d) ridiculous

18. The antonym of destroy is....………….
a) earthquake b) damage c) think d) create

19. The passive voice of the sentence "He writes a letter" is:
a) He does not write a letter b) A letter is written by him
c) He has written a letter d) A letter has written.

20. Look! It.......... now.
a) are raining b) rains c) is raining d) will raining

1. तलका मध्ये मिथिनको (Methane) को अणु शुत्र कुन हो ?
   a) $CH_3$ b) $C^2H_4$ c ) $CH_4$ d) $C_3H_3$
2. रक्सीको चिस्याउने तापक्रम (Cooling) कति हो ?
   a ) 100°C b) -117°C c) -32°C d) 117°C
3. गाईमा कति जोडा क्रमोजोमहरु (chromosomes) हुन्छ ?
   a) 20 Pairs b) 30 Pairs c) 40 Pairs d )50 Pairs
4. बिषाणु (Spores) कुन प्रकृयाले बन्दछ ?
   a) Meiosis b) Mitosis c) Amitosis d) Both b and c
5. शरीरको कुन Part मा thyroid gland पाईन्छ ?
   a) Brain b) Armpit c) Kidney d ) Neck
6. मानव शरीरको सामान्य रक्तचाप (blood pressure) कति हुन्छ ?
   a) 100/80 b)110/80 c )120/80 d)120/80
7. तरल पदार्थको चाप निकाल्ने सूत्र कुन हो ?
   a) P = v d g b) P= h d g c) P = FA d) P= mg
8. सबै भन्दा हलुका तत्व (element) कुन चाँहि हो ?
   a) Nitrogen b) Lithium c) Uranium d) Hydrogen
9. तलका मध्ये कुन चाँही स्केलर परिमाण (Scalar quantity) हो ?
   a) velocity b) weight C) Gravitational Constant d) Acceleration due to gravity
10. Carbon को आणविक भार (molecular weight ) कति हुन्छ?
    a) 10 a.m.u b) 13 a.m.u c) 14 a.m.u d) 15 a.m.u
11. पृथ्वीको औसत अर्धव्यास (Average radius) कति हुन्छ ?
    a) 6000 km b) 6400 km b) 6000 m d) 6400 m
12. कुन चाँहि ग्रह ( planet ) हराएको हो ?
    a) Pluto b) Saturn c) Neptune d) Uranus
13. ljB'lto प्रवाह (Electric current) को चुम्बकिए असर कसले आविस्कार गरिएको हो ?
    a ) Oersted b) Faraday c) Fleming d) Dalton
14. पुरूषमा मात्र पाइने हर्मोन कुन हो ?
    a) Progesterone b) Testosterone c) Estrogen d) Prolactin
15. रजस्वाला चक्र सामान्यतया (menstrual cycle) कति दिनको हुन्छ ?
    a) 25 days b) 26 days b) 27 days b) 28 days
16. Iodine को कमिले के रोग लाग्दछ?
    a) Goitre b) Night -blindness c) Anemia d) Marasmus
17. रासायनिक बनावटको आधारमा vfB पदार्थलाई कति समुहमा बाडिएको छ ?
    a ) 3 b ) 4 c) 5 d) 6
18. नेपालमा कति प्रतिशत जनता निरपेक्ष गरिवी रेखा मुनि छन् ?
    a) 21% b) 31% c) 41% d) 51%
19. बच्चा जन्मिने बितिकै दिइने पहिलो खोप कुन हो ?
    a) Polio b) DPT c) BCG d) TT
20. आँखामा कुन कोष (Cell) पाईन्छ ?
    a) Nerve b) Retina c) Epithelium d) Nephron

**Math (20)**

1. यदि $n_0(A)=25$, $n_0(B) = 30$ र $n(A\cap B) = 10$ भए $n(AUB)$ बराबर कति होला ?

   a. 65 b. 45 c. 55 d. 75

2. यदि भ्याट (VAT) सहितको बिक्रय मूल्य (Selling Price) रु. $x$ र भ्याट (VAT) बाहेकको बिक्रय मूल्य (Selling Price) रु. $y$ भए भ्याट प्रतिशत (VAT%) पत्ता लगाउने सुत्र कुन हो ?

   a. $\frac{x-y}{x}\times 100\%$ b. $\frac{x-y}{y}\times 100\%$ c. $\frac{y-x}{x}\times 100\%$ d. $\frac{y-x}{y}\times 100\%$

3. यदि $1=Rs.104 हुन्छ भने $5 बराबर कति रुपैया (Rs.) होला ?

   a. 520 b. 208 c. 109 d. 99

4. कति समयमा 25% प्रतिबर्ष साधारण व्याज (Simple Interest) को आधारमा दिइएको मुलधन (Principal) दोब्बर हुन्छ ?

   a. 20 बर्ष b. 10 बर्ष c. 4 बर्ष d. 1 बर्ष

5. प्रत्येक भुजा x cm भएको समबाहु त्रिभुज (Equilateral Triangle) को क्षेत्रफल (Area) कति हुन्छ ?

   a. $x^2$ b. $\frac{\sqrt{3}}{4}x^2$ c. $\frac{\sqrt{3}}{2}x^2$ d. $\sqrt{3}\,x^2$

6. एउटा गोला (Sphere)को पुरा सतहको क्षेत्रफल (Total Surface area) निकाल्ने सुत्र के हुन्छ ?

   a. $4\pi r^2$ b. $3\pi r^2$ c. $2\pi r^2$ d. $\pi r^2$

7. दिइएको प्रिज्म (Prism) को छड्के सतहको क्षेत्रफल (Lateral Surface Area) कति हुन्छ ?

   a. $60cm^2$ b. $120\ cm^2$
   c. $50cm^2$ d. $132cm^2$




8. छड्के उचाई (Slant Height)10 cm र अर्धव्यास (Radius) 6 cm भएको सोली (Cone) को आयतन कति हुन्छ ?

   a. $96\pi cm^2$ b. $60\pi cm2$ c. $48\pi cm2$ d. $80\pi cm^2$

9. (p+q) र $(p^2-pq+q^2)$ को गुणनफल (Product) कति हुन्छ ?

   a. $(p+q)^3$ b. $(p-q)^3$ c. $p^3-q^3$ d. $p^3+q^3$

10. x को मान कति राख्दा $3^{10-x}$ को मान 1 हुन्छ ?

    a. 10 b. -10 c. 0 d. 3

11. यदि $(\sqrt{2})^{3x+1} = 4$ लाइ हल गर्दा $x$ को मान कति हुन्छ ?

    a. 0 b. 1 c. 2 d. 3

12. वर्ग समिकरण (Quadratic equation) $ax^2+bx+c=0$ को लागि तलका मध्ये कुन शर्त अनिवार्य हुन्छ ?

    a. $a\neq 0$ b. $b\neq 0$ c. $c\neq 0$ d. a=0

13. $(a^2-3a-4)$ र $(a^2-1)$ को म.स. (HCF) कति हुन्छ ?

    a. (a-4) b. (a+1) c. (a-1) d. 1

14. सँगैको चित्रमा O वृत्तको केन्द्रविन्दु भए $\angle ACB$ को मान कति हुन्छ ?

    a. $0^0$ b. $360^0$
    c. $180^0$ d. $90^0$

15. दिइएको समकोण त्रिभुजमा a को मान कति हुन्छ ?




a. $90^0$ b. $45^0$
c. $180^0$ d. $60^0$

16. दिइएको चित्रमा $L_1$ र $L_2$ दुई समानान्तर (Parallel) भुजाहरु हुन् । यदि आयत (Rectangle) PQRS को क्षेत्रफल $60cm^2$ भए स.च. (Parallelogram) PQRS को क्षेत्रफल कति हुन्छ ?




a. $30cm^2$ b. $120cm^2$
c. $90cm^2$ d. $60cm^2$

17. यदि $\bar{x} = 35$ र $\sum fx = 455$ भए पद संख्या (N) कति होला ?

a. 420 b. 490 c. 15925 d. 13

18. तलको तालिकामा मध्यिका श्रेणी (Median Class) कति हुन्छ ?

| x | 0-10 | 10-20 | 20-30 | 30-40 | 40-50 |
|---|---|---|---|---|---|
| c-f | 3 | 8 | 17 | 20 | 22 |

a. 10-20 b. 20-30 c. 30-40 d. 40-50

19. एउटा बाकसमा 3 वटा हरियो, 4 वटा रातो 5 वटा सेतो उस्तै र उत्रै बलहरु छन् भने नहेरिकन एउटा बल निकाल्दा हरियो अथवा रातो बल आउने सम्भाव्यता (Probability) कति हुन्छ ?

a. $\frac{2}{3}$ b. $\frac{3}{4}$ c. 1 d. $\frac{7}{12}$

20. Tan $30^0$ को मान कति हुन्छ ?

a. $\sqrt{3}$ b. 1 c. $\frac{1}{\sqrt{3}}$ d. $\infty$

**Best of Luck!!!**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर

**अनुसूची ६**
**नतिजा प्रकाशनको ढांचा**

Council for Technical Education & Vocational Training (CTEVT)

# Office of the Controller of Examinations

CTEVT, Province Office

…………………., ……………………..

**Pre-Diploma Level Full Fee Paying Entrance Exam Result-207….**

**Insitute: ……………………………………., (Address)**
**Programme:…………………………………………………………………………………………..**

**CLASSIFIED SCHOLARSHIP QUOTA:**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |
| 3. | | | | |

**MERIT SCHOLARSHIP QUOTA:**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |

**MAIN CANDIDATE OF CTEVT STAFF QUOTA**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |

**PASS LIST OF CTEVT STAFF QUOTA**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |

**MAIN CANDIDATE OF LAXIT BERGA QUOTA:**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |
| 3. | | | | |
| 4. | | | | |

**PASS LIST OF LAXIT BERGA QUOTA:**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |

**MAIN CANDIDATE OF OPEN QUOTA:**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |
| 3. | | | | |
| 4. | | | | |
| 5. | | | | |
| 6. | | | | |
| 7. | | | | |

| | | | | |
|---|---|---|---|---|
| 8. | | | | |
| … | | | | |
| 31. | | | | |

**PASS LIST**

| S.NO. | SYMBOL NO. | NAME OF CANDIDATES | OBTAINED MARKS | REMARKS |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |
| 3. | | | | |
| 4. | | | | |
| …. | | | | |